जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक ५, २०७९ साल जेठ १३ गते शुक्रबार, नेपाल संवत् ११४२ (May 27, 2022) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

ओलीले उठाए कालापानीको प्रश्न

काठमाडौं । सरकारले ल्याएको नीति तथा कार्यक्रममा भारतले मिचेको कालापानी, लिपुलेक र लिम्पियाधुरा फिर्ता ल्याउने विषय स्पष्ट रूपमा नराखेको भन्दै प्रमुख प्रतिपक्षी दलका नेता केपी शर्मा ओलीले प्रधानमन्त्रीबाट जवाफ मागेका छन् ।

प्रतिनिधिसभाको हिजोको बैठकमा सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि बोल्ने क्रममा ओलीले भारतले मिचेको भूमि फिर्ता ल्याउने कार्यक्रम नराखेको भन्दै आलोचना गरेका हुन् । बाँकी ८ पेजमा

सार्वजनिक यातायातमा भाडा वृद्धि

काठमाडौं । सरकारले अन्तर प्रदेश चल्ने सार्वजनिक यातायातमा भाडा पुनः वृद्धि गरेको छ । यसअघि भाडा बढेको एक सातामै पुनः भाडादर वृद्धि भएको हो । यात्रुवाहक सवारीसाधनमा दुई दशमलव एक प्रतिशत भाडा बढाइएको हो । गत साता भाडादर निर्धारण गर्दाको भन्दा अहिले डिजेल प्रतिलिटर रु १० वृद्धि भएपछि त्यसैका आधारमा भाडादर बढाउने निर्णय भएको यातायात व्यवस्था विभागले जनाएको छ ।

पहाडी बाटोमा चल्ने मालवाहक सवारीसाधनमा बाँकी ८ पेजमा

सरकारको नीति तथा कार्यक्रम : औपचारिकताको भटारो

काठमाडौं । रेमिटान्स प्रमुख आयको श्रोत, त्यसबाट जम्मा भएको विदेशी मुद्राबाट आयात गरी उठेको भन्सार राजस्वबाट देशको शासन व्यवस्था चलाउने विगत तीन दशकदेखिको संस्कार त्याग्न यसपालिको नीति तथा कार्यक्रम पनि असफल रहेको छ । आयातमा निर्भर, विदेशी मुद्राको घट् दो संचिति र भन्सारबाट राजस्व नउठी सरकार चलाउन नसक्ने अवस्थाबाट देश गुज्रिरहेको परिप्रेक्ष्यमा ठूलो राजनीतिक प्रतिबद्धतासहितको नीति तथा कार्यक्रम सुन्ने जनताको आशा फेरि पनि माछो माछो भ्यागुतो भएको छ । नीति तथा कार्यक्रम सरसरती पढ्दा चालु खर्च कम गर्ने कुनै चासो देखिएको छैन ।

विकाश र समृद्धि हासिल गर्न साधारण खर्च (चालु) भन्दा विकाश खर्च (पुँजीगत) खर्च बढी हुनुपर्छ । नीति तथा कार्यक्रमले चालु खर्च घटाइ पुँजीगत खर्च बढाउने कुनै ठोस कायक्रम अघि सारेको छैन । चालु खर्च घटाउन पंचायतीकालमा जस्तै निर्वाचित पदाधिकारीहरूलाई कुनै किसिमको तलबभत्ता तथा सुविधा नदिने, कर्मचारी, प्रहरी, सेना, शिक्षकहरूको संख्या घटाइ उनीहरूलाई कामको बोझ बढाइ सोही अनुरुप तलवभत्ता वृद्धि गर्ने, वैदेशिक उपचार खारेज गर्ने, आर्थिक सहायता चन्दा पुरस्कार जस्ता कुराहरू आवश्यकता हेरी नभै नहुने अवस्थामा मात्रै गर्ने जस्ता प्रतिबद्धता नीति तथा कार्यक्रममा देखिदैन । विकाश र समृद्धि हासिल गर्न विकाश बजेट याने पुँजीगत खर्च शतप्रतिशत गर्न आवश्यक कानुनमा सुधार गर्नु जरुरी छ । हालको खर्च गर्ने सरकारी क्षमता ३० प्रतिशतको हाराहारीमा भएको र बजेट सक्न आषाढ मसान्तमा आई जसोतसो खर्च गर्ने परिपाटी कसरी त्याग्न सकिन्छ त्यसतर्फ नीति तथा कार्यक्रम मौन छ ।

नेपाली उत्पादन बढाइ आयात प्रतिष्थापन गरी विदेशी मुद्रा संचिती बढाउन आवश्यक कार्यक्रम के कस्ता हुन् त भन्ने विषयमा नीति तथा कार्यक्रममा केही पनि उल्लेख छैन । नीति तथा कार्यक्रममा कृषि तथा उद्योग प्रवर्द्धन गर्ने भनिए तापनि वनजंगल बढाइ व्यावसायिक काठको उत्पादन र निर्यात गर्ने कुनै ठोस योजना नीति तथा

कार्यक्रममा छैन ।

वर्षैभरि नेपाली विद्युतको प्रयोग गर्ने नारा नीति तथा कार्यक्रममा उल्लेख छ तर चुलोदेखि लिएर उद्योग र यातायातसम्मलाई विद्युतीकरण गर्ने र पेट्रोलियम पदार्थको आयातमा व्यापक कटौति गर्ने प्रतिबद्धता र कार्यक्रम बजेटमा कहीँ पनि देखिदैन । कृषि र वन पैदावार विकास गर्न योग्य जमिन खाली राख्न नपाउने खाली राखेमा जोकोहीले पनि त्यसमा बालीबिरुवा लाउन पाउने नागरिक अधिकारबारे नीति तथा कार्यक्रम मौन छ ।

सुकुम्वासी तथा बसोबासको समस्या दुई वर्षभित्र समाधान गर्ने भनिए तापनि कस्तो उत्पादनमुखी नीति तथा कार्यक्रम ल्याई त्यस्तो समस्या समाधान गर्ने हो भन्ने ठोस योजना नीति तथा कार्यक्रममा देखिदैन ।

निजगढ विमानस्थल अहिलेकै ठाउँमा बनाउने हो भने पर्यावरण र पशुपक्षीको वासस्थान नास भई हिमाली क्षेत्रको मरुभूमिकरण तीव्र हुने हुँदा हालको सिमरा विमानस्थललाई नै विकास गरी अन्तर्राष्ट्रिय विमानस्थल बनाउनुपर्छ भन्ने आवाज नागरिक स्तरबाट उठिरहेको परिप्रेक्ष्यमा निजगढ विमानस्थलको निर्माण सुरु गर्ने कुरा नीति तथा कार्यक्रममा आउनु देशकै लागि घातक छ । काठ माफियाहरूको मिलोमतोमा ८० लाख प्राकृतिक बोटबिरुवा फाँडी पर्यावरणको विनास गर्ने यस्तो योजना नीति तथा कार्यक्रममा आउनु दुभार्ग्यको कुरा हो ।

बन्द रहेका उद्योगहरू पुनः संचालन गर्ने कुरा नीति तथा कार्यक्रममा उल्लेख छ तर पेसागत दक्षता, व्यावसायिकता र स्वदेशी उत्पादन प्रयोग गनैंपर्ने कानुनी बाध्यताका कुराहरू व्यवस्थित गर्नेतर्फ कुनै सोच नीति तथा कार्यक्रममा उल्लेख छैन । जस्तो कर्मचारी, सेना, शिक्षक प्रहरीहरूले स्वदेशी ढाका तथा सुती कपडा प्रयोग गर्नैपर्ने बाध्यताजस्ता कुराहरूलाई नीति तथा कार्यक्रमले समेटेको छैन ।

शतप्रतिशत रेमिट्यान्स उन्मुख अर्थतन्त्रको विकल्प शतप्रतिशत आयात प्रतिस्थापन, निर्यात र पर्यटन प्रवर्द्धनबाट मात्र सम्भव छ भन्ने कुरालाई नीति तथा कार्यक्रमले जुन महत्व दिनुपर्ने हो सो दिएको नदेखिँदा यसलाई प्रगतिशिलभन्दा पनि संस्कारी तथा कर्मकाण्डी नीति तथा कार्यक्रमभन्दा फरक नपर्ने देखिएको छ ।

साँचो अर्थमा संघीयता भनेको जनताले सबै अत्यावश्यक सेवा, सामाजिक सेवा लगायतका सबै सुविधाहरू वार्डस्तरबाट प्राप्त गर्ने गरी संघीयता व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने सोचलाई यस नीति तथा कार्यक्रमले कुनै महत्व नदिनुले नाम संघीयता तर काम भने केन्द्रियता प्रवद्धर्नतर्फ लागेको महसुस हुन्छ । त्यस्तै हो भने नीति तथा कार्यक्रमले प्रदेश सरकार खारेजीको योजना अगाडि सार्न सक्नु पर्दथ्यो, त्यो पनि नीति तथा कार्यक्रममा नभएकोले यो नीति तथा कार्यक्रम न हाँस न कुखुराको चाल सावित भएको छ ।

सरकारी रवैया देख्दा देशले असंलग्नता त्याग गरी इण्डो अमेरिकन धुरीमा आफूलाई उभ्याएको देखिन्छ । चीन र भारतबीच रहेको नेपालको भूराजनीतिक संवेदनशिलता ख्याल नगर्ने हो भने देश युक्रेन हुने अवस्थाबाट अगाडि बढिरहेको छ । पंचशील र असलंग्नताप्रति जुन प्रतिबद्धता नीति तथा कार्यक्रममा देखिनुपर्थ्यो त्यो नदेखिदा बाँकी ८ पेजमा

समयमा पुस्तक नपाउँदा विद्यार्थी मारमा

काठमाडौं । नयाँ शैक्षिक सत्रको पठनपाठन सुरु भइसके पनि ३५ लाख थान पाठ् यपुस्तक विद्यार्थीको हातमा पुगेको छैन । जनक शिक्षा सामग्री केन्द्रले चालु शैक्षिक सत्रका लागि आवश्यक १ करोड ९८ थान पुस्तक छाप्नुपर्ने थियो । समयमै कागज आपूर्ति नहुँदा १ करोड ६३ लाख थान पुस्तक मात्रै छपाइ सम्भव भएको केन्द्रले जनाएको छ ।

केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले रुस-युक्रेनबीचको द्वन्द्वका कारण कागज अभाव हुँदा समयमै पुस्तक छाप्न नसकिएको दावी गरेका छन् । प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिले बुधबार गरेको छलफलमा उनले स्थानीय तह चुनावको मतपत्र छपाइको असर पाठ्यपुस्तक छपाइमा परेको बताए । 'रुस-युक्रेन युद्धले चैत १० सम्म आउनुपर्ने कागज आउन सकेन । मतपत्र छपाइ र बाँकी ८ पेजमा

मूल्यवृद्धिविरुद्ध आन्दोलन चर्काइने

काठमाडौं । सरकारले पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धिको सबै विद्यार्थी संगठनले विरोध गरेका छन् । सोमबार नेविसंघको कार्यालयका भएको विद्यार्थी संगठनहरूको बैठकले ज्ञापनपत्र बुझाउनेदेखि सडक आन्दोलन चर्काउनेसम्मका कार्यक्रम गर्ने निर्णय गरेको छ । जसअनुसार मंगलबार अर्थ मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल आयल निगमलगायतको ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र बुझाइनेछ । माग सम्बोधन नभए थप आन्दोलनका कार्यक्रम गर्ने निर्णय भएको अखिलका वरिष्ठ उपाध्यक्ष आरसी लामिछानेले बताए । मूल्यवृद्धि फिर्ता नलिएसम्म आन्दोलन कार्यक्रम नरोकिने निर्णय भएको उनले बताए । लामिछानेका अनुसार पहिलो चरणमा ध्यानाकर्षण गराएर बुधबारदेखि आन्दोलन तथा च्याली गरिनेछ । बुधबार निगमको कार्यालयअगाडि धर्ना तथा मुख्य सडकमा बाँकी ८ पेजमा

भारतले इपिजी प्रतिवेदन नबुझ्ने

काठमाडौं । भारतीय विदेशसचिव विनयमोहन क्वात्राले ३० वैशाखमा नेपालबारे विशेष ब्रिफिङमा इपिजी प्रतिवेदन नबुझ्ने संकेत गरेपछि नेपाल पक्षका सदस्यले संयोजक भेषबहादुर थापालाई प्रतिवेदन सार्वजनिक गर्न दबाब दिएका छन् । क्वात्राले दिल्लीमा आयोजित पत्रकार सम्मेलनमा इपिजी विज्ञहरूको समूह रहेको भन्दै प्रतिवेदन भारत सरकारको पहुँचमा नभएको टिप्पणी गरेका थिए । उनले इपिजी प्रतिवेदन बुझेपछि मात्रै त्यसबारे सरकारले विचार गर्ने र त्यसमा पुनरावलोकन हुने बताएका थिए । तर, प्रतिवेदन बुझ्ने विषयमा उनको ठोस उत्तर थिएन ।

दुईजना भारतीय पत्रकारले इपिजी प्रतिवेदन बुझ्ने विषयमा के भइरहेको छ भन्ने प्रश्न गरेका थिए । विदेशसचिव क्वात्राको जवाफ थियो, 'इपिजी प्रतिवेदन हामीले पढेका छैनौं । त्यो विज्ञहरूले तयार गरेको प्रतिवेदन हो । तपाईंहरूले पढ्नुभएको होला । सायद त्यसमा अरू

कोहीको पहुँच हुन सक्छ । प्रतिवेदन सरकारले बुझेपछि त्यसमा विचार-विमर्श हुन्छ र सरकारले पुनरावलोकन गर्न सक्छ ।'

इपिजी नेपाल संयोजक थापाले सोमबार राष्ट्रिय समाचार समितिलाई पठाएको विज्ञप्तिमा क्वात्राको भनाइको आलोचना गरेका छन् । 'भारत सरकारको अत्यन्त जिम्मेवार ओहोदामा रहेका व्यक्तित्वबाट दुवै देशको सरकारबाट संयुक्त रूपमा गठित प्रबुद्ध समूह र समूहको प्रतिवेदनबारे यस्तो प्रतिक्रिया सार्वजनिक हुनुले प्रतिवेदनको भविष्यलाई सोचनीय अवस्थामा पुऱ्याएको देखिन्छ,' थापाको विज्ञप्तिमा भनिएको छ । भारतीय पक्षले बेवास्ता गरेको र दुवै सरकार मौन रहेको पनि थापाको आरोप छ । थापाले दुवै सरकारकहाँ प्रतिवेदन पुऱ्याउन चुनौतीपूर्ण देखिएको पनि उल्लेख गरेका छन् ।

त्यसो त थापाले प्रतिवेदन तत्कालै सार्वजनिक नहुने पनि बताएका छन् । 'इपिजी प्रतिवेदन नेपाल र भारतका प्रधानमन्त्रीले बुझ्नुपर्छ भन्नेमा हामी अझै स्पष्ट छौं । तर, समय धेरै घर्किसकेको र भारत पक्षबाट संवाद नभएको अवस्थामा सार्वजनिक गर्नुपर्छ भन्ने लागेको हो,' थापाले इपिजी नेपालका सदस्यहरूको आफूप्रति विश्वासमा कमी आउन थालेको संकेत गर्दै भने, 'अहिले नै सार्वजनिक गर्ने भनेका होइनौं । तर, कति दिन मैले राखिरहने भन्ने कुरा हो ।'

नेपाल-भारत सम्बन्धका जानकार भारतीय विज्ञ डा. निहार नायकले इपिजी प्रतिवेदन सार्वजनिक गर्ने चेतावनी वा सार्वजनिकले भारत बाँकी ८ पेजमा

बढ्दै बलात्कारका घटना

काठमाडौं । पछिल्ला चार वर्ष नौ महिनामा बलात्कारका १० हजार एक सय ३१ मुद्दा प्रहरीमा दर्ता भएका छन् । ०७४ साउनदेखि ०७८ चैतसम्मको यो तथ्यांकले औसतमा दैनिक ६ जना बलात्कृत हुने गरेको देखाउँछ । बलात्कृत हुनेमा आधाभन्दा बढी १८ वर्षमुनिका छन् । १० हजार एक सय ३१ मध्ये बाँकी ८ पेजमा

५ नेपाली फोर्ब्सको छनौटमा

काठमाडौं । अमेरिकी म्यागेजिन फोर्ब्सले यो वर्षको एसियाका '३० अन्डर ३० एसिया' अर्थात् ३० वर्ष मुनिका ३० जना प्रभावशाली एसियाली युवाहरूको सूची सार्वजनिक गरेको छ । बुधबार सार्वजनिक सूचीमा नेपालबाट छानिएका पाँच जना नेपालीहरूमा सुजित पाठक, सुमित दाहाल, ऐश्वर्या रानी सिंह, निरज काफ्ले र सन्तोष पाण्डे परेका छन् । यस वर्षको सूचीमा बाँकी ८ पेजमा

मासिक व्यापार घाटा डेढ खर्ब

काठमाडौं । चालु आर्थिक वर्ष २०७८/७९ को पहिलो दश महिनामा नेपालले विभिन्न देशबाट १ खर्ब १ अर्ब ५३ करोड ७९ लाख ३४ हजार रुपैयाँको कच्चा भटमास, पाम र सनफ्लावर तेल आयात गरेको छ । २०७८ साउनदेखि २०७९ वैशाख मसान्तसम्मको अवधिमा उक्त कच्चा भटमास, पाम र सनफ्लावर तेल आयात भएको भन्सार विभागले जनाएको छ ।

विभागका अनुसार सो अवधिमा उक्त मूल्यमा ६५ करोड ९० लाख ९१ हजार ७० लिटर कच्चा भटमास, पाम र सनफ्लावर तेल नेपाल भित्रिएको छ । पछिल्लो दश महिनामा ४९ अर्ब ४१ करोड २ लाख ३५ हजार रुपैयाँको बाँकी ८ पेजमा

सम्झौता कार्यान्वयनमा नेपाल-चीन सहमत

काठमाडौं । नेपाल र चीन हालसम्म भएका सहमति र सम्झौता समयमै कार्यान्वयन गर्न सहमत भएका छन् । नेपाल-चीन कूटनीतिक परामर्श संयन्त्रको १४ औं बैठकमा बुधबार दुवै मुलकका अधिकारीबीच उक्त सहमति बनेको हो ।

नेपालका तर्फबाट विदेश सचिव भरतराज पौड्याल र चीनका तर्फबाट सहायक विदेशमन्त्री वु जियाङ्हाओ नेतृत्वको प्रतिनिधिमण्डलबीच द्विपक्षीय सम्बन्धलाई थप प्रवर्द्धन र पारस्परिक हितमा सहयोग गर्नेबारे विचार आदान-प्रदान बाँकी ८ पेजमा

भारतले रोक्यो गहुँ र चिनी

काठमाडौं । भारत सरकारले सन् २०२२ जुन १ देखि चिनी निकासीमा प्रतिबन्ध लगाएको छ । यो प्रतिबन्ध यस वर्षको अक्टोबर ३१ सम्म जारी रहनेछ । भारत धुलो चिनीको सबैभन्दा ठूलो उत्पादक र ब्राजिल पछि दोस्रो ठूलो निर्यातकर्ता देश हो । भारतको शीर्ष ग्राहकहरूमा बंगलादेश, इन्डोनेसिया, मलेसिया र दुबई पर्दछ ।

गत वर्ष मुलुकबाट चिनी निर्यातमा ठूलो वृद्धि भएको थियो । बाँकी ८ पेजमा

नेपाल-भारत सीमा समस्या : समाधानका विकल्प

समय सन्दर्भ

● बुद्धिनारायण श्रेष्ठ

प्रधानमन्त्री शेरबहादुर देउवाको तीनदिने औपचारिक भारत भ्रमण सम्पन्न भएको एक महिनाभन्दा बढी भइसकेको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगको हैदराबाद हाउसमा गरेको कुराकानीका दौरानमा सीमाको विषय उठान गरेको कुराको प्रसंग उल्लेख गर्दै देउवाले भनेका थिए- 'हामीले सीमा समस्याबारे छलफल गऱ्यौं । मैले मोदीजीलाई यो विषय स्थापित द्विपक्षीय संयन्त्रमार्फत समाधान गरौं भनेको छु ।' प्रधानमन्त्री देउवाले यस्तो भनेको यतिका दिन बितिसक्दा पनि न त पहिले गठन गरिएको परराष्ट्र सचिवस्तरीय संयन्त्रले काम गर्ने सुरसार देखाएको छ, न त दुई वर्षदेखि रोकिएको नेपाल-भारत सीमासम्बन्धी 'बोर्डर आर्किङ ग्रुप'को संयुक्त बैठक नै सुचारु हुने भन्ने कुनै संकेत देखिएको छ । यस मानेमा सीमा मामिलाका सम्बन्धमा भ्रमण कत्ति पनि उपलब्धिमूलक भएको पाइँदैन ।

यसबाहेक प्रधानमन्त्री देउवाले भारतीय समकक्षी नरेन्द्र मोदीसँगको औपचारिक-अनौपचारिक वार्तामा लिपुलेक-कालापानी-लिम्पियाधुरा देखाइएको नेपालको चुच्चे नक्साबारे कुराकानी गर्नसम्म सकेनन् । भारतीय प्रधानमन्त्री मोदीले सात वर्षपहिले नेपाल भ्रमण गर्दाको समयमा कालापानी र सुस्ताको सीमा विवाद समाधानको कार्य गर्न दुवै देशका प्रधानमन्त्रीबीच सहमति भई परराष्ट्र सचिवस्तरीय संयन्त्र गठन भएको थियो । यतिका वर्ष व्यतीत भइसक्दा पनि सुषुप्त अवस्थामा रहेको त्यस संयन्त्रलाई जगाउने प्रस्ताव भ्रमणका क्रममा उप्काउनसम्म सकेनन्, हाम्रा प्रधानमन्त्रीले ।

यसैगरी भैरहवा र महेन्द्रनगरको आकासीय हवाई सीमामार्गबाट अन्तर्राष्ट्रिय हवाईजहाज नेपाल पस्ने अनुमति लिन पनि प्रधानमन्त्री देउवा असफल रहे । भारतीय एसएसबीले दार्चुलाको महाकाली सीमानदीमाथिको तुइन हठात् फुस्काइँदिदा व्यास गाउँपालिका निवासी ३३ वर्षीय जयसिंह धामीले अनाहकमा ज्यान गुमाउनुपरेको नेपाली जनताको सन्देश सुनाउन पनि सकेनन् । भारतका विभिन्न सहरमा काम गरिरहेका नेपाली चाडपर्वमा घर फर्किंदा सुनौलीजस्ता नाकामा भारतीय एसएसबीले स्वविवेकीय तरिकाले सीमापार गर्न नदिएको नेपाली जनताको मर्का बुझाउन पनि सकेनन् आफ्ना समकक्षीलाई । यी प्रसंगलाई दृष्टिगत गर्दा प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण उपलब्धिमूलक देखिएन भन्न कर लाग्छ । जयनगर-जनकपुर-कुर्था खण्डको रेलसेवाको भर्चुअल माध्यमद्वारा संयुक्त उद्घाटन गरेको कामलाई उपलब्धिमूलक मान्नुपर्ने हो भने त्यो बेग्लै हो ।

सीमा समाधानको संयन्त्र : सीमा समस्याबारे स्थापित द्विपक्षीय संयन्त्रमार्फत समाधान गरौं भन्ने प्रस्ताव देउवाले राख्दा मोदी सीमाका विषयमा केही बोलेनन् । तथापि लगत्तै गरिएको पत्रकार सम्मेलनमा भारतका तत्कालीन विदेश सचिव हर्षवर्धन शृंगलाले सीमाका सम्बन्धमा प्रधानमन्त्री देउवाले आफ्नो भनाइ राखेको पुष्टि गर्दै भनेका थिए- 'यस मामिलामा संक्षिप्त रूपमा छलफल भएको थियो, दुवै पक्षले यसलाई वार्ताका बाँकी ८ पेजमा

सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

सम्पादकीय

पेट्रोलियमको मूल्यवृद्धि : जनता आहात

सरकारले पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि गरेको छ । पेट्रोल, डिजेल र मट्टितेल प्रतिलिटर १० रूपैयाँ तथा खाना पकाउने एलपी ग्यास सिलिन्डरमा दुई सय रूपैयाँ वृद्धि गरिएको छ । अब पेट्रोलको मूल्य प्रतिलिटर १८०, डिजेल र मट्टितेलको मूल्य १६३ रूपैयाँ पुगेको छ । यसैगरी खाना पकाउने एलपी ग्यास प्रतिसिलिन्डर १८ सय रूपैयाँ पुगेको छ । २४ फेब्रुअरीदेखि रूस युक्रेन युद्ध जारी छ । युद्धको समय कति लम्बिने हो कसैले अन्दाज गर्न सकेका छैनन् । यही युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढेको हो र यसको असर नेपालमा पनि देखिएको हो । विगत साता महिनामा सरकारले पेट्रोलियम पदार्थमा दशपटक मूल्यवृद्धि गरिसकेको छ । रूस युक्रेन युद्ध लम्बिँदै गए अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य अझै बढ्ने र यसको असर स्वरूप नेपालमा फेरि इन्धनको मूल्य बढ्ने निश्चित छ ।

तर सरकारले अन्तर्राष्ट्रिय बजारमा भएको पेट्रोलियम पदार्थको मूल्य वृद्धिको तुलनामा उपभोक्तासँग अचाक्ली रकम असुलिरहेको छ । अन्तर्राष्ट्रिय बजारबाट पेट्रोल खरिद गरी उपभोक्तासम्म पुग्दा प्रतिलिटर पेट्रोलको मूल्य १ सय १७ रूपैयाँ पर्न जान्छ । तर सर्वसाधारणसँग १८० रूपैयाँ असुलिएको छ । यो असुलीको ६३ रूपैयाँ सरकारलाई उपभोक्ताले तिरेको करको रकम हो । करको रकम घटाउने हो भने उपभोक्ताले राहत अवश्य पाउँछन् । यसैगरी पेट्रोलियम पदार्थका बिक्रेतालाई प्रतिशतका आधारमा कमिसन दिने गरिएको छ । जति मूल्यवृद्धि भयो बिक्रेताले त्यति नै धेरै कमिसन पाउँछन् । बिक्रेतालाई दिइने कमिसनमा वृद्धि नगरिने हो भने पनि उपभोक्ताले राहत पाउँछन् ।

नेपाल र भारतबीच निर्वाध आवतजावत गर्न मिल्ने खुला सिमाना भएका कारण नेपालमा पेट्रोलियम पदार्थ भारतमा भन्दा केही सस्तो हुनासाथ तस्करी भएर फेरि भारतीय बजारमै पुग्ने गर्छ । यही कारण पेट्रोलियम पदार्थमा मूल्यवृद्धि गर्नु सरकारको सायद बाध्यता हुन सक्छ । पछिल्लो पटक मूल्यवृद्धि हुनुअघि नेपालमा पेट्रोलको मूल्य प्रतिलिटर १७० थियो भने भारतमा १८८ थियो । १ लिटरमै १८ रूपैयाँ मूल्य फरक भएका कारण दैनिक लाखौं लिटर पेट्रोल भारत तस्करी हुने गरेको थियो । तर केही दिनअघि भारत सरकारले पेट्रोलको मूल्य घटाएर नेपालको बराबर अर्थात् १ सय ७१ रूपैयाँ कायम गरेको थियो । यो अवस्थामा नेपालमा पेट्रोलियम पदार्थमा मूल्यवृद्धि गरिनु जरूरी थिएन । कर केही घटाइएको भए मात्र पुग्ने थियो । अब नेपालमा भन्दा भारतमा प्रतिलिटर पेट्रोल भारतबाट तस्करी भएर नेपालभित्रिने सम्भावना छ । यो अवस्थामा नेपाली उपभोक्ताबाट अघोषित रूपमा भारतले प्रतिलिटर ६० रूपैयाँ कर पाउनेछ । यो अवस्था नेपालका लागि खतराको घन्टी हो ।

अहिले भएको मूल्यवृद्धिपछि पनि प्रतिमहिना सात अर्ब घाटा हुने दाबी नेपाल आयल निगमको छ । आयल निगमको यो दाबीमा शत प्रतिशत सत्यता छैन । किनकि पछिल्लो मूल्यवृद्धिले आयल निगमले बिक्री गर्ने पेट्रोलको खपत निकै घट्नेछ । भारतमा पेट्रोल तस्करी रोकिन्छ । अर्को पेट्रोल भारतबाट नेपाल तस्करी हुन थाल्छ । क्रेताको क्रय खस्किँदै जाने भएकाले पेट्रोल खरिदमा कटौती गर्न थाल्नेछन् । पेट्रोलियम पदार्थको मूल्यवृद्धिले ढुवानी तथा यात्रु भाडा बढ्ने भएकाले उपभोक्ताहरू स्वतः मारमा पर्नेछन् । सबै वस्तुको मूल्य बढ्नेछ । वर्षायाम सुरू भएकाले नेपालमा बिजुली उत्पादन बढ्छ । एलपी ग्यासको सट्टा इन्डक्सन प्रयोगमा जनतालाई राहत दिन आवश्यक छ । बरू बिजुलीको मूल्य घटाएर सबै उपभोक्तालाई विद्युतीय ऊर्जातर्फ आकर्षित गराउन सरकारले पहल गर्ने हो भने इन्धनमा बाहिरिने अरबौं रूपैयाँ बचत हुन्छ । विद्युतीय सवारी साधन आयातमा सरकारले ध्यान दिन त्यत्तिकै जरूरी छ ।

युक्रेनजस्तै नेपाल पनि अमेरिकी जालोमा फस्दैछ

सुरेन्द्र ढकाल

दलाई लामा तिब्बत छोडी भारतको धर्मशालामा आई निर्वासनको सरकार संचालन गर्दै आएको र त्यस सरकारलाई भारत र अमेरिका दुवैले मान्यता दिएको कारण तिब्बतको स्वतन्त्रतालाई भारत र अमेरिकाले मलजल पुऱ्याइरहेको स्वतः सिद्ध छ ।

भारतको स्वतन्त्रतापछि र चीनमा जनगणतन्त्र स्थापना भएपछि केही वर्षसम्म हिन्दी चिनी भाइ भाइको नाराले भारत-चीन सम्बन्धलाई गाढा बनाएको थियो तर सीमा विवादका कारण सन १९६२ मा भारत-चीन युद्ध भई भारतले नराम्ररी हार ब्यहोरेपछि भारत चीनसँग त्यो हारको बदला कसरी लिने भन्ने सोचाइमा छ । यही कारण एकातर्फ उसको रुससँग पनि घनिष्ठ सम्बन्ध छ भने अर्कोतर्फ हिन्द प्रशान्त रणनीति र क्वाड दुवैको सक्रिय सदस्यको रुपमा भारत अमेरिका सम्बन्ध पनि उत्तिकै गाढा हुँदैछ ।

भर्खरै सम्पन्न भएको क्वाडको भौतिक बैठकमा अमेरिका, जापान, भारत र अष्ट्रेलियाका सरकार प्रमुखहरूले चीनको नाम उल्लेख नगरी हिन्द प्रशान्त क्षेत्रमा चीनलाई सामरिक रुपबाट कमजोर बनाइ ताइवान, हङकङ र मकाओमा जनविद्रोह सिर्जना गरी ती क्षेत्रलाई चीनबाट विखण्डन गर्ने रणनीतिलाई कार्यरुपमा उतार्न ५६ अरब डलर खर्च गर्ने नयाँ योजनालाई अनुमोदन गरेको छ ।

दोस्रो विश्वयुद्धपछि एकाएक महाशक्तिको रुपमा उदीयमान भएको अमेरिकाले समाजवादलाई हतियारबाट परास्त गर्न जति नै कोसिस गरे पनि कोरिया युद्ध र भियतनाम युद्धमा चीनसँग लज्जास्पद हार ब्यहोर्नु पऱ्यो । यो हारको कसरी बदला लिने भन्ने सोचाइबाट अझै पनि अमेरिका मुक्त हुन सकेको छैन । आन्तरिक विद्रोह गराएर जसरी अमेरिकाले सोभियत संघ विघटन गर्न सक्यो त्यही फर्मूला अपनाएर अमेरिका अब चीनको विखण्डन गर्न खोजिरहेको छ । यस अभियानमा अमेरिकाले हिन्द प्रशान्त रणनीति भनेर भारत र जापानलाई आफ्नो सहयोगी बनाएको छ भने क्वाड गठन गरेर त्यसमा अष्ट्रेलियालाई हुलेको छ र आउकुस गठन गरेर अहिले पछिल्लो समयमा बेलायतलाई पनि त्यसमा हुलेको छ ।

जसरी प्रशान्त महासागर क्षेत्र र दक्षिणी चीन सागरलाई अमेरिका र यसका सम्बद्ध राष्ट्रहरूले ताइवान, हङकङ र मकाउलाई चीनबाट विखण्डन गर्ने क्रियाकलापको केन्द्र बनाएका छन् त्यसैगरी अमेरिकाले सन् ६० को दशकदेखि नै नेपाललाई तिब्बत विखण्डन गर्ने क्रियाकलापको केन्द्र बनाउँदै आएको छ ।

तिब्बती खम्पाहरूलाई अत्याधुनिक अमेरिकी हातहतियारले सुसज्जित गरी नेपालको मुस्ताङबाट तिब्बत विखण्डनको सशस्त्र अभियान सुरु गर्ने सपना बोकेको अमेरिका त्यतिखेर स्तब्ध भयो जब राजा वीरेन्द्रले चीनको अनुरोधमा सन १९७४ मा खम्पा विद्रोह दबाउने अभियान सुरु गरे ।

१५ जुलाई १९७४ का दिन लेफ्टिनेन्ट कर्नेल सच्चित शमशेर जबराको नेतृत्वमा श्रीनाथ गण पोखरा हुँदै मुस्ताङतर्फ अगाडि बढ्यो । यसले आफ्नो सैन्य मुकाम जोमसोममा स्थापना गऱ्यो । तदनुरुप खम्पाका नेता गे वाङ्गदीलाई नेपाली सेनालाई जुलाई ३१ तारिखभित्र हतियार बुझाउने वारेन्ट जारी गऱ्यो । खम्पा पक्षले हतियार बुझाउनुको साटो आनाकानी गरेपछि नेपाली सेनाले निलगिरि पर्वतको काखमा रहेको तिलिचो ताल वरिपरिका छुसाङ, समार, घिलिङ र घामीक्षेत्रमा भएका खम्पाको आधार शिविरहरूमा धावा बोल्यो । खम्पाका नेता वाङ्गदी भाग्दै दाचुर्ला पुगी भारत पस्न लाग्दा मारिए । नेपाली सेनाले तिब्बती खम्पाहरूबाट सबै हतियार खोसी काठमाडौंको टुँडिखेलमा ल्याएर प्रदर्शन गऱ्यो ।

यसरी चीनबाट तिब्बत विखण्डन गर्ने अमेरिकी योजनालाई राजा वीरेन्द्रले तुहाएपछि नेपाल दरबार र चीनको मित्रता निकै कसिलो हुन पुग्यो । यी विद्रोही खम्पाहरूलाई राजा वीरेन्द्रले कि तिब्बत कि भारतको धर्मशालातर्फ लखेट् नुपर्नेमा सो नगरी यिनीहरूलाई पोखराको छोरेपाटन, सेती किनारको कोत्रे र ललितपुर जावलाखेलको एकान्तकुनामा शरणार्थीको रुपमा बस्ने प्रबन्ध मिलाइदिएका थिए । खम्पा विद्रोह चकनाचुर भए तापनि अमेरिकाले नेपाललाई चीन विरुद्ध प्रयोग गर्ने आफ्नो योजना भने छोडेन । यद्यपि पञ्चायत व्यवस्था र राजाको प्रत्यक्ष शासन रहञ्जेल नेपालको एक चीन नीति सिद्धान्त र व्यवहार दुवैमा लागु हुँदै आइरहेको थियो । तर २०४६ सालमा पंचायती व्यवस्था विघटन र २०६३ मा राजतन्त्रको अन्त्य भएपश्चात नेपालका राजनीतिक दलहरूलाई आफ्नो पक्षमा पारी नेपालबाट तिब्बत स्वतन्त्र गराउने कार्यमा अमेरिका र यसका सम्बद्ध राष्ट्रहरू मरिहत्ते गरी लागिपरेका छन् ।

यस क्रममा सन २००० को पहिलो दशकमा अमेरिकाले बहुल व्यवस्था मान्ने राष्ट्रहरूको डेमोक्र्याटिक अलाइन्समा नेपाललाई सामेल गऱ्यो, त्यसपछि यस अलाइन्समा रहेका राष्ट्रहरूलाई मात्रै एमसीसी अनुदान दिन सकिने भन्दै नेपालसँग एमसीसी सम्झौता गरी नेपालको संसदबाट यसलाई अनुमोदन गराउन अमेरिका सफल भएपछि अहिले नेपालमा चीन विरोधी क्रियाकलापको श्रृंखला नै सुरु भएको छ ।

सन ९० को दशकमा भारतको इसारामा भुटानले त्यहाँका नेपालीहरूलाई खेदी नेपाल हुलेको कारण भुटानीहरू नेपालमा शरणार्थी हुन आइपुगेका थिए । चीन विरोधी भारत र भुटानको यस्तो क्रियाकलापले अमेरिकालाई नेपालमा काम गर्न गाह्रो पर्ने देखी अमेरिका र क्यानडाले भुटानी शरणार्थीहरूलाई आफ्नो देशमा लगेर बसोबास गरायो । त्यही अमेरिका किन नेपालमा रहेका तिब्बती शरणार्थीहरूलाई आफ्नो देशमा लग्न चाहँदैन र नेपालमै राख्न चाहन्छ ? जवाफ स्पष्ट छ कि अमेरिका नेपाललाई चीन विखण्डन गर्ने आफ्नो षडयन्त्रमा सामेल गर्न चाहन्छ ।

जुन दिन नेपालको संसदले एमसीसी सम्झौता अनुमोदन गऱ्यो त्यसको लगत्तै बसेको शेरबहादुरको मन्त्रीमण्डलको बैठकले चीनको आँखामा छारो हाल्न नेपाल एक चीन नीतिमा अडिग छ भन्दै एमसीसीको कारण विचलन नहुन चीनलाई आग्रह गऱ्यो । अहिले एमसीसीको परियोजनाको नाममा अमेरिकी वायुसेनाका जहाजहरू बारम्बार काठमाडौं अवतरण गर्ने गरेका छन् भने यसै हप्ता तिब्बतसम्बन्धी अमेरिकी मन्त्री उज्रा जिया काठमाडौं आई प्रधानमन्त्री शेरबहादुर र तिब्बती क्याम्पमा गई त्यहाँ रहेका तिब्बतीहरूसँग भेटघाट गरेकी छिन् ।

अमेरिकी संसद सिनेटले नेपालमा रहेका तिब्बतीहरूलाई परिचयपत्र र राहदानी दिन नेपाल सरकारलाई दबाब दिइरहेको परिप्रेक्ष्यमा अमेरिका नेपाललाई युक्रेन बनाउन उद्दत छ भन्ने देखिन्छ । रुसविरुद्ध युक्रेनलाई नेटोमा आमन्त्रण गरेकै कारण अहिले रुसले युक्रेन ध्वस्त बनायो । नेपालमा अमेरिकाले चीनविरोधी गतिविधि संचालन गरेको र असंलग्नताको सिद्धान्तविपरीत गई त्यस्तो गतिविधि नेपालमा संचालन गर्न दिएको कारण भोलि नेपाल-चीन सम्बन्ध शत्रुतापूर्ण हुने स्वतः स्पष्ट छ ।

के चीनले नेपालमाथि रुसले युक्रेनमाथि गरेको जस्तो कारबाही गऱ्यो भने अमेरिका र यसका सम्बद्ध राष्ट्रहरूले नेपाललाई बचाउन आउलान् त ? अवस्यै आउँदैनन् । आउँथ्यो भने अफगानिस्तानबाट अमेरिका किन सुइँकुच्चा ठोक्थ्यो ? युक्रेनी सहरहरू ध्वस्त भइरहँदा अमेरिका र यसका सम्बद्ध राष्ट्रहरू किन मूकदर्शक मात्रै भएर बस्थे ? जवाफ सजिलो छ, अमेरिका युक्रेनलाई जस्तै नेपाललाई पनि युद्धमा फसाउन चाहन्छ र नेपालको सत्तारुढ दल र विपक्षी दल सबै यही अभियानमा जुटेका छन् । सावधान युक्रेनजस्तै नेपाल पनि अमेरिकी जालोमा फस्दैछ ।

शहरी र एकीकृत ग्रामीण बस्तीको नीति

सुदर्शन प्रधान

मानव जाति जंगली युगमा खोला, नदी, ताल-तलैयाका किनारहरू र घना वन-जंगलभित्र झुण्ड-झुण्डमा रहन्थे । हिंस्रक जनावरहरूबाट बच्न र सामूहिक पारिवारिक संरचनाले मानिसहरू समूहमा रहन बाध्य थिए । लाखौं वर्ष त्यसरी गुजारेका मानवजाति भनौं हाम्रा पुर्खाहरू खेतीपाती र पशुपालन युगमा प्रवेश गरेपछि छुट्टाछुट्टै छाप्राछुप्री, घर-टहराहरू बनाउन थाले । मानवजातिको श्रमशक्ति र चेतना शक्तिको विकास र वृद्धिले कृषि, पशुपालन, उद्योग, शिक्षा, व्यापार, स्वास्थ्य, चौतर्फी क्षेत्रमा उन्नति र प्रगतिले आज समाज र संसारभरि सहरीकरणले तीव्रता लियो । जसको परिणाम सहरी क्षेत्रमा जनजीवन प्रकृति प्रतिकूल हुन पुग्यो । मानव मलमूत्र नजिकको खोला, नदी, समुद्रमा पुग्नु, प्लास्टिकको उच्च प्रयोग, फोहोरवस्तुको डंगुर, प्राकृतिक स्रोतहरूको उच्च दोहनजस्तो सयौं धर्तीनाश कुराहरू मानवजातिको संस्कृतिजस्तो बन्न थाल्यो । अब सहरी जनजीवन नीति के गर्दा प्रकृतिको सुरक्षा हुन्छ त्यही नीतिहरू अपनाउनु पर्छ ।

निजी सम्पत्ति र एकनिष्ठ पारिवारिक संरचनाको कारणले आज नेपालको गाउँघरतिरको बस्ती तथा जनजीवन पनि उच्च प्रकृति प्रतिकूलको छ । उदाहरणको लागि तनहुँ जिल्लाको बन्दीपुर गाउँपालिका र भानु नगरपालिकाको क्रमशः खुदी खोला र चुँदी खोला र तिनका सहायक खोलाका किनारहरूमा १५० वर्ष अघिसम्म घना वनजंगलहरू थिए । जहाँ हरिणमृग, बँदेल, जरायो, चितुवा, भालु, वनकुकुर, फ्याउरो, ब्वाँसो र पक्षीहरू प्रशस्त थियो र खोलाहरूमा माछा पनि पर्याप्त हुन्थ्यो ।

मानव बस्ती डाँडा-काँडाहरूमा मात्र सीमित रहन्थे । न्यून जनसंख्या, औलोको प्रकोप, हिंस्रक जनावरहरूको जोखिमले मानिसहरू फाँट-बेसी र उपत्यकाहरूमा बस्न डराउँथे । जनजीवन र वन्य जीवजन्तु र पक्षीहरूको खाद्यचक्र राम्रै गरी चलिरहेको थियो । यो अन्तरालमा औलो उन्मूलन भयो, स्वास्थ्य शिक्षामा ठुलो फड्को माऱ्यो । सडक, टेलिफोन र बिजुलीको विकास, जनसंख्याको वृद्धि यसरी भयो कि खुदी खोला र चुँदीखोला किनारका समथर भूभागकाझण्डै २०- २५ वर्ग कि.मी. को घना जंगल करिब नष्ट गरियो । आज कताकति भीरपाखा र डाँडाकाँडाहरूमा मात्र त्यहाँ वनजंगल छन् । जुन वन पनि सामुदायिक वन समितिहरूले आफ्नो पेवा मान्छन् र वर्षेनी 'जनताको आवश्यकता' भनेर सयौं वर्षका ठुला रुखहरू काटेर नाश तुल्याउँछन् । देशभरि नै यो प्रवृत्ति प्रबल छ । यो प्रवृत्तिले सीमित बचेका वन्य जीवजन्तु र पक्षीहरू पनि महासंकटमा छन् ।

नेपालको तराई र भित्री मधेश अन्तर्गतको चितवन, हेटौंडा, दाङ उपत्यकाको वनजंगल र तिनको काखका वन्य जीवजन्तु र पक्षीहरूबारे बताउँदा पनि यहाँ प्रासङ्गिक नै होला ।

नेपालका केही राजनीतिक नेताहरूले भन्न थालेका छन् कि "राजा महेन्द्रले तराई र मधेशमा पहाडका जनतालाई जग्गा वितरण गरी नेपालको भूमि भारतको अतिक्रमणबाट बचाए । पूर्व-पश्चिम राजमार्ग खुलाएर देशलाई जोडे ... तसर्थ राजा महेन्द्र एक महान् देशभक्त राजा हुन् ... ।"

(क्रमशः)

मैले देखेको २०८ औं विश्व पर्यटकीय स्थल

सोल दक्षिण कोरियाको Gyeongbokgung

सुरेन्द्र ढकाल

दरबार बाहिरबाट हेर्दा

दरबारभित्रको परिसर

दरबारभित्रको राजगद्दी

माथिबाट हेर्दा दरबार परिसर

हाउस अफ फ्रेन्डसिपमा रहेको बाल विकास समाजको स्टलमा सुरेन्द्र ढकाललगायत नेपाली रोटेरियनहरू

दरबार परिसरमा सुरेन्द्र

दरबारको ग्वाङह्वामुन नामक प्रवेश द्वार

दरबारको बगैंचा

दरबारको सुरक्षा दस्ता परिवर्तन गर्दाको समारोह

इजरायल र साइप्रसको भ्रमण समाप्त गरी ६ अप्रिल, २०१६ मा काठमाडौं फर्केपछि मेरो विश्व भ्रमण क्रमले करिब डेढ महिना विश्राम लियो । त्यही वर्षको मे महिनाको २८ देखि जून १ तारिखसम्म दक्षिण कोरियाको राजधानी सोलको किनटेक्स सेन्टरमा हुने रोटरी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सम्मेलनमा रोटरी क्लव डिल्लीबजारको प्रतिनिधित्व गर्दै भाग लिन र सम्मेलनस्थलमा रहेको हाउस अफ फ्रेण्डसिपको विशाल कक्षमा बाल विकास समाजको स्टल पनि संचालन गर्ने उद्देश्यसहित म बाल विकास समाजको कार्यक्रम निर्देशक किरण थापालाई लिई २६ मे २०१६ मा बैंकक हुँदै २७ तारिखमा सोलको इन्केओन अन्तर्राष्ट्रिय विमानस्थलमा बिहानै अवतरण गरेँ । हाम्रो कार्यक्रम प्याकेजभित्र परेको कारण हाम्रा सबै कार्यक्रमहरू ट्राभेल एजेन्टले नै तय गरेको कारण विमानस्थलबाटै होटल लग्ने, त्यहाँबाट सम्मेलन हल ल्याउने छोडने, र सम्मेलनपश्चात वा सम्मेलनको बीचमा त्यहाँका विश्व पर्यटकीय स्थल घुमाउने कार्यक्रम रहेको हुँदा हामीलाई कुनै कुराको पनि तनाव थिएन । रोटरी अन्तर्राष्ट्रिय कन्फरेन्समा भाग लिनु प्रथम उद्देश्य त भइ नै हाल्यो । २७ तारिखमा किरण र म मिलेर हाउस अफ फ्रेन्डसिपमा बाल विकास समाजको स्टल सजाउने कार्य गर्यौं । २८ तारिखमा सम्मेलनको औपचारिक कार्यक्रममा सहभागी भयौं, २९ तारिखबाट हामीलाई क्रमशः सोलको ऐतिहासिक दरबार क्षेत्र, सिल्क, चिया र गिन्सेङ जडीबुटी तथा हस्तकला बिक्री केन्द्र, लोट्टे वर्ल्ड र सामसुङ कम्पलेक्सको अवलोकन भ्रमण गराउने कार्यक्रम बमोजिम २९ मे बिहानै ८ बजे होटलमा ब्रेकफास्ट गराई १० बजे हामीलाई राजधानी सोलस्थित Gyeongbokgung दरबार परिसरमा लगियो ।

Gyeongbokgung दरबार

कोरियन भाषामा हाञ्जा भनिने यो दरबार परिसरको अर्थ Palace Greatly Blessed by Heaven रहेछ । यो कोरियामा राजतन्त्र रहँदाको बेलाको मुख्य राजदरबार रहेछ । जोसेओन वंशले सन १३९५ मा बनाएको यो दरबार राजधानी सोलको उत्तरी भागमा रहेछ । यही दरबार नै जोसेओन वंशका राजाहरूको निवास र सरकार संचालन गर्ने मुख्य थलो रहेछ । सन १५९२ देखि सुरु भएको इम्जिन युद्धको कारण यो दरबार परिसर आगलागिमा परी ध्वस्त भई करिब दुई शताब्दिसम्म यो क्षेत्र वेवारिसी हुन पुगेको रहेछ । चीनको Forbidden City कै बराबरीको महत्व भएको बताइने यो दरबारभित्र जोसेओन वंशको राजगद्दी भएको विशाल कक्ष, राजा र राजपरिवार शयन र अन्य कक्ष, सुन्दर बगैंचा र छोटकरीमा भन्नु पर्दा सोल सहरभित्रको अर्को सानो चिटिक्क परेको सहर भनिदो रहेछ यो दरबार परिसरलाई ।

पछि १९ औं शताब्दिमा गोजोङ वंशको समयमा यो दरबार क्षेत्रको ४० वटा भवन र ७७०० कोठाहरूको पुनर्निर्माण हेओङसेओन देओन्गुनको नेतृत्वमा गराइएको रहेछ । कोरियाको प्राचीन वास्तुकलाबाट सज्जित शाही दरबारको झल्को दिने यो दरबार २० औं शताब्दिको जापानी औपनिवेशिक कालमा भत्काइए तापनि सन १९६३ मा यस क्षेत्रलाई सांस्कृतिक सम्पदा मान्दै यसको पुनर्संरक्षण गरिएको रहेछ । सन १९९० देखि लगातार रुपमा दरबारलाई घेर्ने पर्खालको पनि पुननिर्माण भई यसै दरबार परिसरभित्र राष्ट्रिय दरबार संग्रहालय र लोकसांस्कृतिक म्युजियम पनि थपिएको रहेछ । दरबार प्रवेश गर्ने ग्वाङह्वामुन द्वार निकै कलापूर्ण र आकर्षक रहेछ । सन १९१५ मा यस दरबार परिसरमा जोसेओन औद्योगिक प्रदर्शनीसमेत आयोजना भएको रहेछ । सोल पुग्ने जोकोहीले पनि अवलोकन गर्नैपर्ने यो परिसर आफैंले कोरियाको लामो इतिहासको साक्षी भएको बताइँदो रहेछ । हरेक दिन बिहानै १० बजे र दिउँसो २ बजे दरबारको सुरक्षा दस्ता परिवर्तन गर्दाको समारोह निकै रोचक हुँदो रहेछ । दरबार परिसरमा करिब दुई घन्टा बिताइ हामीलाई पुनः कन्फरेन्स हलमा फर्काइयो ।

कथा

पलायन

जीएश शर्मा

स्वामी अग्नेश जीवनदर्शनबारे प्रवचन दिइरहेका थिए । 'जीवन क्षणभंगुर छ । अनित्य छ । असार छ । जीवन अनन्त र अशेष भइदिए मान्छे झन् दिग्भ्रमित, मूढाग्रही अनि कठोर बन्ने थियो । कहिलेकाहीँ मान्छे भ्रममा पनि आनन्द मानिरहेको हुन्छ । सपनामा पनि आनन्दित हुन्छ । एक दिन देहत्याग गर्नुपर्छ भन्ने थाहा पाएर पनि मानिस लोभ, अहंकार, क्रोध र मोहको सिकार बनिरहेको छ ।'

सयकडौं श्रोता र भक्तजनको समूहमा एउटी अधबैंसे महिला स्वामी अग्नेशलाई निर्निमेष हेरिरहेकी थिइन् । स्वामीजीको प्रवचन र अतीत उनको मनमा समुद्रको छाल बनेर ठोक्किँदै थियो । त्रिचन्द्र कलेजमा स्नातक तह पढ्दापढ्दै पच्चीस वर्षअघि अग्नेशसँग परिचय हुँदा विशाखा निक्कै लगाएकी थिइन् । 'मेरो मामाघर पनि नेपालगन्ज हो ।' अन्नेशले विशाखासँग निकट बन्ने प्रयत्न गर्दै भनेको थियो ।

अनुहारमा खासै परिवर्तन देखिँदैन । बोल्ने शैली उस्तै छ । कलेजमा अग्नेश चलचित्रको नायक जस्तो थियो । पढाइमा मात्र होइन, हरेक क्षेत्रमा अग्रणी । उसको आद्योपान्त जीवन पढेकी विशाखा सोचिरहेकी थिइन्- 'त्यस्तो मान्छे यस्तो हुँदोरहेछ ।'

प्रवचन सिद्धिएपछि उद्घोषकले माइकबाट घोषणा गरे- 'आजको कार्यक्रम बिसर्जन गरिँदैछ । भोलि बिहान आठ बजे स्वामीजीबाट श्रीमद्भागवत गीताबारे सारगर्भित प्रवचन हुनेछ ।'

भक्तजनहरू आआफ्ना घरतर्फ लागे । मञ्चको छेउमा बसेकी विशाखा भावशून्य भएर स्वामीजीलाई हेरिरहेकी थिइन् ।

उद्घोषकले छेउमा आएर सोधे- 'देवीजी, तपाईं स्वामीजीको दर्शन गर्न बस्नुभएको हो ?'

'हजुर...' उनले विनम्र स्वरमा आफू स्वामीजीलाई भेट्न उत्सुक र व्यग्र भएको बताइन् ।

विशाखाको मनमा ज्वारभाटा थियो । भेटेर के भन्ने ? गुनासो गर्ने कि प्रशंसा ? स्वामीजीलाई उपासनाको पात्र ठान्ने कि आलोचनाको ? पच्चीस वर्षपछि भेट हुँदा के सोच्लान् उनले ? धर्म र अध्यात्ममा चुर्लुम्म डुबिसकेका अग्नेश स्वामी हिजोको अग्नेश हुँदै होइन । किन भेट्ने उनलाई ? मनमा प्रश्नैप्रश्नको बाढी आएपछि विशाखालाई झन् अप्ठ्यारो भएको छ ।

'के सोच्नुभएको हजुरले ? दर्शन गर्न चाहनुहुन्छ भने समय मिलाइदिउँला ।' उद्घोषक युवकले आफू हतारमा भएको संकेत दिए । वास्तवमै उनी हतारमा थिए । समय व्यवस्थापन गर्न उनलाई धौ धौ भइरहेको थियो ।

प्रेक्षालयको पूर्वतिर भव्य भवनको भुइतलामा विशाखाले स्वामी अग्नेशसँग भेट्ने प्रबन्ध मिलाइयो । लामो अन्तरालपछि फरक परिवेश र फरक मनस्थितिमा भेट हुँदा दुवैजनाको हृदयको तार झंकृत भइरहेको थियो ।

...मलाई त सपना जस्तो लागिरहेको छ । यसरी भेटहोला भन्ने सोचेकोसम्म थिइनँ ।' अग्नेशले विशाखाको आँखामा टल्पटाइरहेका आँसु पुछ्दै भने ।

'मलाई पनि त्यस्तै लागेको छ अग्नेश । तिमीले गेरुवस्त्र लगाएर योगी र स्वामीको रूप धारण गरे पनि म उही पुरानो अनुहार देखिरहेकी छु । ब्याडमिन्टन खेलाडी, कुशल वक्ता, विद्यार्थी नेता र उटपटाङ कुरा गरेर सबैलाई हँसाउने मान्छे पनि जोगी बन्दोरहेछ । बुबाआमा, करोडौंको चलअचल सम्पत्ति, साथीभाइ सबै बिसेंर स्वामीजी हुँदा सायद अनुपम सन्तुष्टि मिलेको होला ...। ीविशाखाको व्यंग्यमिश्रित वचनले स्पर्श नगरेको अभिनय गरे अग्नेशले ।

बीएस्सी उत्तीर्ण गरेपछि पशुपतिनाथ मन्दिरमा बस्ने कास्मिरी बाबासँग भागेर वृन्दावन पुगेको अग्नेश थापा र उनकी प्रेमिका विशाखा राणाको सम्बन्ध उत्कृष्ट प्रेमकथामा आधारित चलचित्रभन्दा पृथक् छैन । अमूर्त चित्रजस्तो लाग्ने अग्नेशको जीवन विशाखाका निम्ति एउटा प्रहेलिका बनेको छ ।

'के सोचिरहेकी छौ विशाखा ?' अग्नेश बोले ।

'पुराना दिनहरू...' विशाखाको उत्तरले स्वामी अग्नेशको मुखमण्डलमा परिवर्तन आयो । उनी अन्यमनस्क देखिन्थे तर मनको भाव लुकाउन खोजिरहेको प्रतीत हुन्थ्यो ।

अग्नेशले बुबाबाट जन्मदिनमा उपहार पाएको सिट्रोन कार चढेर विशाखा र अग्नेशले चार भन्ज्याङभित्रका धेरै ठाउँ घुमेका थिए । गोदावरी, सुन्दरीजल, चोभार, सूर्यवनायक, लुभु, साँखु, बूढानीलकण्ठ, बालाजु, स्वयम्भू, बौद्ध, इचंगुनारायण, विसंखुनारायण, फर्पिङ र दक्षिणकाली मात्र होइन, आनन्दवनसम्म पुगेर यो जोडीले विचरण गरेको देख्नेहरू इर्ष्या गर्थे । सहरका महँगा होटलमा प्रत्येक हप्ता यिनीहरू घन्टौं बिताउँथे । तर भावनात्मक सम्बन्धमा मात्र सीमित रहयो प्रेम । एकान्त र निर्जन स्थानमा पनि कहिल्यै अग्नेशले विशाखालाई चुम्बनसम्म गरेनन् । विशाखालाई अनौठो लाग्थ्यो ।

यसलाई मर्यादाबोध, लज्जाबोध वा शालीनता ठानेर ऊ मनमनै आफूलाई भाग्यमानी ठान्ने गर्थिन् । एउटी सुन्दरी प्रेमिकालाई विवाहपूर्व स्पर्श समेत गर्न नचाहने अग्नेशको असल चरित्रप्रति ऊ गर्व गर्थिन् । सहपाठी सुमित्रालाई विशाखाले अग्नेशसँग बिताएका हरेक क्षणको वर्णन सुनाउँथिन् । अग्नेशलाई प्राचीन महाकाव्यको नायक जस्तो ठान्थिन् विशाखा । प्रेयसीको आत्मसम्मानमा चोट नलागोस् भनेर अग्नेश भावुक, संवेदनशील र सतर्क भएको होला भनेर सोच्ने गर्थिन् । अग्नेश एउटा सशक्त र स्वस्थ पुरुष हो भनेर उनी दुक्क थिइन् । वास्तवमा अग्नेशको व्यक्तित्व औसत युवाको भन्दा चित्ताकर्षक थियो ।

एकदिन सुमित्राले हाँसेर सोधेकी थिइन्- 'एई विशाखा, तँसँग चार पाँच घन्टा एउटै कोठामा बस्दा तँलाई स्पर्शसम्म नगर्ने अग्नेश कतै नपुंसक त छैन ?'

विशाखलाई सुमित्राको आशंकामिश्रित प्रश्नले असाध्य रिस उठ्यो ।

'के नचाहिँदो कुरा गरेकी केटी भेट्नासाथ गिद्दले सिनो लुछेझैं बदमासी गर्नेहरूलाई मात्र तँ बहादुर र पुरुषार्थी ठान्छेस् ? अग्नेश र अरु केटाहरूमा त्यही त फरक छ नि ।' ऊ शालीन, शिष्ट र विनम्र मात्र होइन, मर्यादा पुरुषोत्तम रामजस्तो छ । उसले मसँग कहिल्यै यौनको याचना गरेन । ऊ विवाहपूर्वको यौन सम्बन्धलाई अनैतिक ठान्ने, संस्कारी परिवारमा हुर्केकोले यस्तो भएको हुन सक्छ ।'

'त्यही त उसको कमजोरी हुन सक्छ । ऊ नामर्द पनि त हुन सक्छ । बिहे गर्नुअघि राम्ररी सोच है विशाखा । नत्र भविष्यमा पछुताउनु पर्ला...। धेरैले पछुतो गरेका छन् ।' सुमित्राले चेतावनी दिइन् ।

विशाखालाई धेरै दिनसम्म सुमित्राका वाक्यहरू दुखिरहे । अग्नेशलाई नपुंसक ठान्ने सुमित्राले बाईसतेइस वर्षकै उमेरमा धेरै केटाहरूसँग रात बिताइसकेकी थिइन् । पचास पचपन्न वर्षका पुरुष पनि उनको जीवनमा आइसकेका थिए । सुमित्रा माया, प्रेम र कवितामय संवादमा होइन, यौनतृप्तिबाट जीवनको रसास्वादन गर्नुपर्छ भन्ने पक्षमा थिइन् ।

लामो अन्तरालपछि अग्नेशसँग भेट हुँदा विशाखाले थुप्रै प्रश्न गर्न चाहेकी थिइन् । पचासौं सहरमा धार्मिक प्रवचन दिँदै हिँडिरहेका स्वामी अग्नेशलाई भौतिक सुख, भोगविलास र यौनप्रति कुनै चासो थिएन । तर आफ्नो अभिन्न र आत्मीय साथी अग्नेश पलायन भएपछि नितान्त एक्लोजस्तो भएकी विशाखाको यौवनावस्था अग्नेशकै प्रतिक्षामा बित्यो ।

'...अग्नेश, तिमीलाई एउटा कुरा सोध्छु, माइन्ड नगर है त ...।' विशाखाले मौनता चिर्दै प्रश्न गरिन् ।

'सोध, कस्तो प्रश्न हो ? अग्नेशले अनुमति दिए ।

'तिमीले मसँग किन विवाह नगरेको....?' विशाखाको प्रश्न वास्तवमै कल्पनातीत र अप्रत्यासित थियो ।

'तिमीलाई सत्य लुकाएर म मनभित्रको घाउमा नुनचुक छर्न सक्दिन । विशाखा, सत्य जे हो, त्यसलाई सामना गर्नैपर्छ । मैले धेरै वर्ष पलायनको बाटो रोजेपछि सत्यको सामना गर्न सिकें । बाह्र तेह्र वर्षकै उमेरमा म हुँ भन्ने चेतना आइसकेको थियो । कलेजमा तिमीसँग भावनात्मक रूपले निकट भएपछि पनि मलाई यथार्थ बताउन साहस भएन । बुबामुमाले विवाहका लागि धेरैपल्ट दबाब दिएपछि मैले पलायनको बाटो रोजें । घरबाट भागेर जोगी भएँ । यौन चाहना र क्षमताको अनुभूति भइदिएको भए म सायद जोगी हुने थिइनँ .... । विशाखा, मलाई माफ गर । मैले तिम्रो भावना, आस्था, विश्वास र उपासनाको अवमूल्यन गरेँ ।'

स्वामी अग्नेशको आत्मआलोचना सुनेपछि विशाखा भावुक भइन् । स्वामी अग्नेशका आँसु विशाखाका हत्केलामा मोती बनेर वर्षिन थाले । सजल नेत्रले विशाखाले अग्नेशलाई हेरिरहिन् । उनलाई सुमित्राका कटु शब्दहरूको सम्झना भयो- 'अग्नेश नपुंसक पनि हुन सक्छ ।'

विशाखाले आफूलाई सम्हाल्न खोज्दै सान्त्वना दिइन्- 'अग्नेशको पलायन जीवनप्रतिको वितृष्णा होइन, बाध्यता रहेछ । वातावरणमा सन्नाटा छायो । मौन थिइन् विशाखा । मौन थिए अग्नेश र मौन थियो त्यो वातावरण ।

कविता

मस्तले भाउ ठोक्ने हो

● प्रेम ओली
(ढकलपुरे)

तिमीले नोट लिएर भोट दिँदा
धनी बन्छु भनेको हौला
के म छु र, त्यस्तो बौला ?
अब ग्यास, तेल, दाल किनेर हेर न
बजार भाउ बुझ्दा पनि तनाव हुन्छ
नुन तेल किन्दा पनि
तिम्रो हालत पहिलेको भन्दा खराब हुन्छ
हामी त व्यापारी न हो
एक हातले दिन्छौं दस हातले लुट्छौं
त्यत्रो पैसो खर्चेर त्यसै कहाँ छोड्छौं ?

अर्को चुनाव आए फेरि भोट किन्छौं
त्यसको दुई गुणा यसरी नै लिन्छौं
अब त चुनाव पनि सकियो
न हारिने डर, न जनता टारिने डर
न आन्दोलन गरेर चुनाव सारिने डर

बजार भाउ त अझै मस्तले बढाउने हो
जनतालाई झन् झन् गरिब बनाउने हो
हामीलाई गरिब जनता चाहिन्छ
गरिब जनतालाई नोट चाहिन्छ
धनीसित भोट किन्न कहाँ पाइन्छ ?

अब त ग्यास, तेलमा मात्र हैन
हरेक मालमा मस्तले भाउ ठोक्ने हो
हामीलाई त के फरक पर्छ र ?
टोके जिब्रो जनताले टोक्ने हो ।

मेरी मायालु आज...

गोबिन्द राज ओझा
दिपायल सिलगढी

मेरी मायालु आज मेरो लागि टाढा भो
थपिए चोट सबै घाइते मुटु पर्दा भो
यो जिउने जीवन हो या हो चोट हृदयको
के हो यो माया प्रेम हो नयाँ नयाँ खेल हो ।
जे थिए सपनाहरू सबै हुरी चली उडने भो
के आज भोलि सबै जिन्दगी नै रित्तिने भो
तिम्रो कस्तो साथ के हो तिमी नै भनिदेउ
मेरो जीवन यात्रा कता जाने भो तिमी भनिदेउ
सिद्धियो जीवन यात्रा सारा मुटु दुख्ने भो
बिछोडमा पनि तिमीलाई देख्छु
हाम्रो जीवनको अधुरो सपना भो
आँखाको नानीझैं देख्छु तिमीलाई
म जहाँ भए नि पल पल सम्झन्छु तिमीलाई
नदीको दुई किनारझैं अलग हुँदा
हृदयभरि माया छ टाढा भए नि
हे मेरी मायालु आज कता छौ कता

नियात्रा

स्मृतिको क्यानभासमा नयाँ रङ–६ (६)

✍ **रामप्रसाद पन्त**

निखिल नन्दा, पुनित नन्दा र सुमित नन्दाले आफ्ना पिता एचसी नन्दाको नाममा ट्रष्ट बनाएर त्यसै ट्रष्टको धनराशिबाट विश्वकै अग्लो हनुमानजीको प्रतिमा सिमलानगरीको त्यस उच्च पहाडी शिखर जाखुमा स्थापना गरेका रहेछन् र त्यसको अनावरण हिमाचल प्रदेशका मुख्यमन्त्री प्रो. प्रेमकुमार धुमलाको करकमलबाट माननीय उद्यान तथा तकनिकी माननीय शिक्षामन्त्री नरेन्द्र बरागटा, सिमलाका माननीय विधायक सुरेश भारद्वाज, ट्रष्टका संस्थापक एचसी नन्दा, अभिनेता अभिषेक वच्चन, हिमाचल प्रदेशका मुख्य आयुक्त श्रीमती मनिषा नन्दा र मन्दिर न्यासका आयुक्त जिएस राणा (जगदीश शम्सेर राणा)को समुपस्थितिमा दिनाङ्क ४ नवम्बर २०१०, तदनुसार १९ कार्तिक सम्वत् २०६७ मा भएको रहेछ । जुन कुरा त्यहीँ नजिकै जडित शिलालेखमा उल्लेख थियो ।

घुम्दै थिएँ– अर्को एउटा शिलालेख पढेँ । त्यो पनि हिन्दी भाषामै सविस्तार लेखिएको थियो । तर मैले सङ्क्षेपमा उतारेँ– लङ्का युद्धमा रावणपुत्र मेघनाथको शक्तिवाणद्वारा जब लक्ष्मण मूर्छित भए, तब लक्ष्मणलाई बचाउनका लागि सञ्जीवनी बुटी खोज्न हनुमान् आकाशमार्गद्वारा त्यहाँ आइपुगे । उनको दृष्टि जाखु पर्वतमा तपस्यालीन यक्ष ऋषिमाथि पऱ्यो । सञ्जिवनी बुट्टी पहिचान गर्न हनुमान् त्यसै पर्वतमा ओर्ले । उनको वेगले पर्वत आधा धसियो । बुटीको पहिचान गरी हनुमान पुनः द्रोणपर्वतमाथिको आकाश हुँदै लङ्का फर्के । यक्ष ऋषिले तपस्या गरेको त्यो यक्ष पर्वतको नामबाट – यक्ष, याक, याकु हुँदै कालान्तरमा जाखु पर्वतको नामले चिनिन पुग्यो ।

चारैतिर अग्ला अग्ला रूखहरूले घेरिएको जाखु पहाडको त्यो उच्चस्थान प्राकृतिक सौन्दर्यले परिपूर्ण थियो । त्यहाँ अन्य देवीदेवताका मन्दिरहरू पनि थिए, धर्मशाला थियो, पुष्पबाटिका थियो, पूजारी गृह थियो र हनुमान्का कुलवंशले त जाखु पर्वतमा साम्राज्य जमाएकै थियो । मानौं वानरकुल रिसायो भने मानवको प्रवेश हुन सक्तैन जाखु पर्वतस्थित हनुमान् मन्दिरमा ।

हाम्रो पेटमा चियापानी बाहेक अरु थोक परेको थिएन । अर्को कुरा नौ बजेसम्म चियानास्ता गरेर भारतीय उच्च अध्ययन संस्थान जाने वचनबद्धता छ जगदीश राणासँग । तसर्थ हामी फर्कियौं र प्रवेशद्वारबाट बाहिरियौं । द्वारको अगाडिपट्टि सिद्धबाबा बालकनाथको मन्दिर रहेछ । ती बालकनाथको पनि त दर्शन गर्नुपऱ्यो ।

को हो सिद्धबाबा बालकनाथ भनेको ? प्रश्न गर्छु म पूजारीसँग । जानकारी पाउँछु– 'नौ नाथमध्ये एक नाथ हुन् बालकनाथ । बाह्रौं-तेह्रौं शताब्दीबाट मात्र महत्व पाएका हुन् बालकनाथले । त्यसैबेला निर्माण भएको मानिन्छ यो मन्दिर पनि ।'

सुन्दै थिएँ पूजारीका कुरा, साथीहरू तल ओर्लिसकेछन् । म पनि मिसिन पुगेँ त्यसै समूहमा ।

०००

जगदीश शम्सेर राणा हाम्रो प्रतीक्षामा हुनुहुन्थ्यो । वानरबाट नरमाथि आक्रमण भएनछ, खुसी हुनुभयो राणा । हामीले चियानास्ता खान बेर गरेनौं । गाडी चालकहरूलाई तयारी अवस्थामा रहन आदेश दिनुभयो राणाले । हामी झटपट निस्क्यौं, सटपट बस्यौं र हामीलाई दुईवटा गाडीले फटाफट लिएर हिँडे गन्तव्यतर्फ ।

सिमला, हिमाचल राज्यको राजधानी । उच्च पहाडी पाखोमा अवस्थित पर्यटकीय नगरी । त्यसैले होला, थुप्रै टुरिष्ट अफिस र होटलहरू रहेछन् सिमलामा । त्यतिमात्र होइन, सिमला नगरीलाई चारतिरबाट अवलोकन गर्न चारवटा राउन्ड रुट बनाइएका रहेछन् – सिमलाबाट मसोबरा हुँदै सिमला, सिमलाबाट पटियाना हुँदै सिमला, सिमलाबाट नेचरपार्क हुँदै सिमला र सिमलाबाट तातापानी हुँदै सिमला ।

म सुन्दै छु – यी रुटहरू चक्कर लगाउने क्रममा हामीले राम मन्दिर, काली मन्दिर, शङ्कट मोचन मन्दिर, कामना मन्दिर आदिको दर्शन गर्न पाउने रहेछौं र स्क्यान्डल प्वाइन्ट, लेडिज पार्क, टेलिग्राम अफिस, म्युनिसिपल अफिस, एपिटिडिसी मार्केटिङ अफिस, हाइकोर्ट, राजभवन, स्टेट म्युजिएम, समर हिल, पोटर्स हिल, स्पिकर्स निवास आदि ठाउँको अवलोकन गर्न पाउने रहेछौं ।

तर आज भने हामीले स्टेट म्युजियम, भारतीय उच्च अध्ययन संस्थान, इन्स्टिच्युट अफ एडभान्स स्टडिज (जुडिकल एकेडेमी) र टेलिग्राम अफिसको मात्र अवलोकन गर्नेछौं ।

जुन भवनमा बसेर ब्रिटिश महारानीले द्वितीय विश्वयुद्धको नेतृत्वदायी भूमिका निर्वाह गरिन्, जसको आदेश पालन गर्दै भायसराय लर्ड माउन्टवेटनले युद्ध सञ्चालन गरे । हाल भारतीय उच्च अध्ययन संस्थान रहेको त्यो भवन, जुन भवनलाई प्रशासनिक कार्यालय बनाएर सन् १८१४ देखि १८१६ सम्म अँग्रेजहरूले गोर्खालीसँग युद्ध गरे, त्यस राजभवनको सूक्ष्म अवलोकन गर्नेछौं ।

राणा निवासबाट १४ किलोमिटर टाढा रहेको त्यस एकेडेमी जानका लागि हामी दुईवटा गाडीमा बाँडिएर बस्यौं । जगदीश चढेका गाडीका चालक को थिए कुन्नि ! म बसेका गाडीका चालक रहेछन्– दिनेश सूर्यवंशी । गाडीहरू राधास्वामी सत्संग भवन, पुलिस मुख्यालय हुँदै सानो सिमला ओर्ले । त्यहीँ बाटो छेउमा राजीव गान्धीको प्रतिमा देखियो । त्यहाँबाट तेर्सो लागेर सेक्रेटरिएट भवन, विधानसभा, आर्मी एरिया हुँदै गाडीहरू ठूलो सिमलामा गुड्न थाले निर्वाध गतिमा । राणा निवासबाट सुदूर दक्षिणको डाँडोमा देखिँदै गरेका रेडियो र टेलिभिजनको अत्युच्च टावर नजिकिँदै गयो र एकदमै निकट भयौं हामी ।

त्यस टावरलाई पनि पछाडि पारेर, एउटा घुम्तीमा मोडिएर सहरबस्तीभन्दा अलिकति टाढा ऐकान्तिक लाग्ने तर प्रकृतिको अनुमप छटायुक्त उच्च भूभागमा अवस्थित त्यो ठाउँमा हामी पुग्यौं, जहाँको भव्यतामाथि नजर लगाउने वित्तिकै हामीमोहनी जालमा पऱ्यौं ।

सुन्दर डाँडोमा हजारौं रोपनी माटो नियन्त्रणमा लिएर ऐतिहासिक शानलाई सजीव बनाउँदै अहिलेसम्म पनि आफ्नो सौन्दर्य यथावत् राख्न सफल भारतीय उच्च अध्ययन संस्थानको त्यस भवनले साँच्चै नै मोहनी लगायो । सैकडौं वर्ष पुरानो त्यो भवन अहिले विद्यावारिधि अध्ययन केन्द्रको रुपमा सुपरिचित रहेछ । यस बाहेक त्यस भवनको एक भागमा इन्टरनेशनल सेन्टर फर ह्युमन डेभलपमेन्टको अध्यापन पनि गरिँदो रहेछ । त्यहाँ एउटा डान्सिङ लाइबेरी पनि रहेछ, जहाँ १ लाख ८० हजार किताबहरू रहेछन् ।

हामी त्यस भवनभित्र प्रवेश गऱ्यौं । अत्यन्त कलात्मक, सौन्दर्यपूर्ण र वैज्ञानिक ढङ्गबाट बनाइएको थियो त्यो भवन । राष्ट्रपति राधाकृष्णनले त्यस भवनलाई पुनर्निर्माण गरी आधुनिकीकरण गरेका रहेछन् । रुपान्तरण गर्दा केही काठहरू वर्माबाट र भ्यालका सिसाहरू वेल्जियमबाट ल्याइएको रहेछ । केही काठहरू भने बरेलीको कारखानाबाट प्रशोधन गरी ल्याएर हालिएको रहेछ । *(क्रमशः)*

समाचार

अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला बनाउने योजना

काठमाडौं । सरकारले गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणको बाँकी काम पूरा गर्न गर्ने भएको छ । कलाकारहरू सीताराम कट्टेल 'धुर्मुस' र कुञ्जना घिमिरे 'सुन्तली' आबद्ध 'धुर्मुस-सुन्तली फाउन्डेसन'ले आर्थिक अभाव भन्दै निर्माण अलपत्र पारेको रंगशालाको निर्माण कार्य टुङ्गोमा पुऱ्याउने सरकारले नीति लिएको हो । रंगशाला निर्माण सम्पन्न गर्न चितवनको भरतपुर महानगरपालिकाले पनि सहयोग गर्ने प्रतिबद्धता जनाएको बेला संघीय सरकारले निर्माणको बाँकी काम पूरा गर्ने नीति लिएको हो ।

सरकारले प्रत्येक प्रदेशमा प्रशिक्षण सुविधासहितको अन्तर्राष्ट्रियस्तरको रंगशाला निर्माण गर्दै जाने नीति पनि लिएको छ । गैंडाकोटमा विपी कोइराला अन्तर्राष्ट्रिय खेल ग्राम निर्माण गरिने पनि भएको छ । सबै स्थानीय तहमा खेल ग्राम निर्माण गरिँदै लाने पनि सरकारले नीति लिएको राष्ट्रपति

विद्यादेवी भण्डारीले आर्थिक वर्ष २०७९-०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा बताएकी छन् । उनले खेलकुद विश्वविद्यालयको सम्भाव्यता अध्ययन गरी निर्माणको आवश्यक प्रक्रिया अघि बढाइने पनि बताइन्

स्याबास बालेन स्याबास सार्वजनिक

काठमाडौं । ऊबेला सांगीतिक समूहका संगीतकर्मी नित्य डि' कुँवरले बालेन शाहलाई समर्थन र मेयर पदमा जीतपश्चात राम्रो काम गर्न अभिप्रेरित गर्न भन्दै 'स्याबास् बालेन स्याबास्' नामको नयाँ गीत सार्वजनिक गरेका छन् । युट्युब च्यानेल ऊबेला सार्वजनिक भएको हो ।

गीत सिर्जना गर्नुको पछाडि बालेनको आँट, आत्मविश्वास र अघिल्लो चुनावअघिदेखिको अठोट, अनुसन्धान र हालको चुनावी गृहकार्यका साथै उनलाई पत्याउने मतदाताहरूलाई समेत तारिफ गर्नु रहेको नित्यले बताए।

उनका अनुसार राम्रो कामको प्रशंसा गर्न कञ्जुस्याइँ गर्नुहुँदैन। यस्तो गरेमा अरुलाई पनि राम्रो काम गर्न प्रेरित गर्छ र प्रशंसा गरिएका व्यक्तिलाई नराम्रो बाटोमा लाग्नुअघि झक्झकाउने गर्छ। 'नराम्रो बाटो भन्नाले अल्मलमा पर्नु पर्दैन, स्पष्ट छ जनताको लागि काम नगरीकन आफ्नो र आसेपासेको मात्र भलो चिताउने- जस्तो हाल धेरैले गरिरहेका छन्, भ्रष्ट कामकारवाही र भ्रष्टाचारलगायतका कुराहरू पर्छन् मेरो विचारमा', नराम्रो बाटो भन्नाले कस्तो भनेर सोधिएको प्रश्नमा नित्यले भने। परिवर्तनको राम्रो शुरुआत नेपाल देखिसकिएको र यसको निरन्तरतालाई प्रेरित गर्न आफ्नो तर्फबाट केही न केही त गर्नैपर्छ भन्ने सोचस्वरुप दैनिन्दिय व्यस्तताका बाबजूद यस गीत तयार गरेको नित्य बताउँछन्।

ऊबेला सांगीतिक समूहमा नित्यलगायत उनका बाल्यकालका साथी सुकदेव केसी रहेका छन्। गत महिना ९० को दशकमै तयार भएको तर हालसालै मात्र निकाल्न सकिएको भनेर 'मलाई लाग्दैन तिम्रो माया' नामको गीत सुकदेवको स्वरमा सोही च्यानलमा आइसकेको छ। समूहले स्लो रक र ९० को दशकमा चर्चित सांगीतिक स्वादलाई अनुसरण गर्ने र अन्य विधाका गीतहरूमा पनि बिस्तारै काम गर्ने नित्यले जानकारी दिए ।

विश्वमै वंश राजनीतिको बिरासत

विष्णु भट्टराई

वंश राजनीति राजतन्त्रमा मात्र चल्छ। भुटानमा राजतन्त्र छ र राजा जिग्मेका छोराले शासन गरिरहेका छन्। नेपालमा पनि राजतन्त्र भएको भए सायद पारस उत्तराधिकारी हुन्थे। राजतन्त्रमा वंश राजनीति चले तापनि यस्तो रोग संसदीय प्रजातन्त्र भएका मुलुकमा समेत सरेको छ। अर्को पक्ष कम्युनिस्ट मुलुकहरूमा पनि वंश राजनीतिले निरन्तरता पाएको देखिन्छ। एसियामा बसर अल असद, किम जोङ उन, दक्षिणपश्चिमी क्षेत्रको मुलुक अजरबैजानका राष्ट्रपति इल्हाम एलिएभ, फिलिपिन्सका पूर्वराष्ट्रपति फर्डिनान्ड मार्कोसपुत्र जुनियर मार्कोसलगायत आफ्ना बाबुको विरासतबाट प्राप्त सत्तालाई नेतृत्व प्रदान गरिरहेका छन्। यस्तै एसिया र विश्वको राजनीतिमा पनि पारिवारिक रुपमा स्थापित राजनीतिक परिवार छ, जसले ती देशको मात्रै नभई विश्व राजनीतिमा पनि आफ्नो भूमिकालाई स्थापित गरिसकेका छन्। विश्वकै शक्तिशाली राष्ट्र अमेरिकामा पूर्वराष्ट्रपति जर्ज एच डब्लु बुस, उनका छोरा जर्ज डब्लु बुस राष्ट्रपति बनिसकेका छन् भने बुस परिवारका अर्का सदस्य जेब बुस सन् २०१४ को राष्ट्रपति निर्वाचनको प्रारम्भिक चरणमा प्रतिस्पर्धामा थिए। अमेरिकाकै डेमोक्रेटिक पार्टीका नेता तथा पूर्वराष्ट्रपति बिल क्लिन्टनकी श्रीमती हिलारी राष्ट्रपति निर्वाचनमा पराजित हुन पुगिन्।

एसियाको राजनीतिलाई फर्किएर हेर्ने हो भने नेपालसहित, भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका, म्यानमार, उत्तर कोरिया, सिरियालगायतका धेरै देशमा वंश राजनीति स्थापित थियो र अहिले पनि कतिपय देशमा छ। भारतमा राहुल गान्धी वंश राजनीतिका एक सशक्त पात्र हुन् भने बंगलादेशकी प्रधानमन्त्री शेख हसिना, नेपालमा कोइराला परिवार, भारतको उत्तर प्रदेशको मुलायम सिंह यादवको पारिवारिक राजनीति, पाकिस्तानमा भुट्टो परिवार, श्रीलंकामा सिरिमाओ परिवार र राजपाक्ष परिवार, उत्तर कोरियामा किम जोङ उनको परिवारले वंश राजनीतिको मियोको रुपमा भूमिका खेलिरहेका छन्। किम जोङ उनले आफ्ना बाबु किम जोङ इलको सत्ता विरासतका रुपमा पाएका हुन्। उत्तर कोरियाका संस्थापक नेता किम इल सङ उनका हजुरबुबा हुन्। किम जोङ उनले सन् २०११ देखि उत्तर कोरियाको सत्ता चलाइरहेका छन्। यस्तै सिरियाका राष्ट्रपति बसर अल असदले पनि बाबु हाफिज अल असदको विरासत धानिरहेका छन्। उनका बाबुले सिरियालाई २९ वर्ष शासन गरे भने उनी सन् २००० को जुलाईमा राष्ट्रपतिमा निर्वाचित भएका हुन्। यहाँ दक्षिण एसियाको वंश राजनीतिबारे उल्लेख गरिएको छ।

भारतको राजनीतिमा गान्धी-नेहरू परिवार सबैभन्दा ठूलो राजनीतिक परिवार हो। जसको भारतीय काँग्रेसमा भारतको स्वतन्त्रतापछि अधिकांश समय वर्चस्व रहँदै आएको थियो। नेहरू परिवारसँग गान्धी परिवारको नाम फिरोज गान्धीबाट जोडिन्छ, जो जवाहरलाल नेहरूकी छोरी इन्दिरा गान्धीका पति थिए। गान्धी-नेहरू परिवारमा 'गान्धी' शब्द महात्मा गान्धीबाट जोडिएको हो। यस परिवारका तीन सदस्य जवाहरलाल नेहरू, इन्दिरा गान्धी र राजिव गान्धी भारतको प्रधानमन्त्री समेत बनिसकेको छन् भने इन्दिरा र राजीव गान्धीको हत्या भएको थियो।

नेहरू-गान्धी परिवारकी चौथो सदस्य राजीव गान्धीकी श्रीमती सोनिया गान्धी अहिले भारतीय काँग्रेसकी अध्यक्ष छिन् भने उनका छोरा राहुल गान्धी कंग्रेसकै नेता तथा काँग्रेस हाँक्ने प्रमुख व्यक्ति हुन्। राहुलले सन् २००४, २००९ मा लोकसभाको चुनाव जिते पनि सन् २०१४ मा उनको नेतृत्वमा लडेको चुनावमा काँग्रेसले नराम्रो धक्का खान पुग्यो। उनलाई सो चुनावमा कांग्रेसले प्रधानमन्त्रीको उम्मेदवार घोषणा नगरेपनि उनकै नेतृत्वमा चुनाव लडेको थियो। गान्धी परिवारको दबदबा कायम रहँदै आएको अमेठीमा राहुलले बाजी मारे पनि सन् २०१९ को निर्वाचनमा भाजपाकी अरुणा इरानीसँग पराजित हुन पुगे। राजीव गान्धीका भाई संजय गान्धीकी विधवा पत्नी मेनका गान्धी र उनका छोरा वरुण गान्धीलाई इन्दिरा गान्धीले परिवारको सम्पत्तिमा कुनै हिस्सा नदिई घरबाट निकालेपछि भारतीय जनता पार्टीमा पुगेका छन्।

नेहरू परिवारको सम्बन्ध प्रमुख रुपमा काश्मीरसँग छ। नेहरूका पुर्खाले सन् १७०० को आसपासमा दिल्लीमा ल्याएर बसाएका थिए। दिल्लीको चाँदनी चोकमा त्यसबेला एउटा नहर रहेको र नहरको किनारामा बसेका कारण नेहरू भनिएको जवाहरलाल नेहरूको आत्मकथा 'मेरो कहानी' मा उल्लेखित गरेका छन्। पारिवारिक कलहका कारण यो परिवार पछि आगरामा पुगेको थियो। त्यही जवाहरलाल नेहरूका बाबु मोतिलाल नेहरूको सन् १८६१ मा जन्म भएको हो। नेहरू-गान्धी परिवारको राजनीतिक आधार मोतिलाल नेहरूले नै बसाएका हुन्। उनी एक प्रसिद्ध वकिल र स्वतन्त्रता सेनानी थिए। जवाहरलाल नेहरूका छोरा थिएनन्। उनकी एक छोरी इन्दिरा गान्धी हुन्। उनको विवाह फिरोज गान्धीसँग भएको हो र सोही पिढीबाट यो वंश र वंश राजनीति चलिरहेको छ। भारतको राजनीतिमा गान्धी-नेहरू परिवार एक प्रमुख राजनीतिक परिवार हो। राजिव गान्धीका भाई सञ्जय गान्धीकी श्रीमती मेनका र छोरा वरुण भाजपामा लागेपनि राजिव गान्धीको परिवार काँग्रेस राजनीतिमा छ। अझैपनि यो परिवारले भारतको राजनीतिमा केही समय आफ्नो भूमिकालाई स्थापित गर्ने सम्भावना जीवित छ। भारतीय काँग्रेसका उपाध्यक्ष राहुल गान्धी वंश राजनीतिलाई स्थापित गर्न असफल बन्ने अवस्था आएमा उनकी बहिनी प्रियंका भारतको राजनीतिमा छाउने सम्भावनालाई नकार्न सकिदैन।

भारतमा वंश राजनीतिको अर्को सबैभन्दा ठूलो परिवार हो, मुलायम सिंह यादवको परिवार। भारतको उत्तर प्रदेशमा तीन पटक मुख्यमन्त्री र एक पटक केन्द्रीय रक्षामन्त्री समेत भइसकेका यादव अहिले दिवंगत भइसकेका छन्। उनी जीवित छँदै समाजवादी पार्टीको मुख्य भूमिकामा उनका छोरा अखिलेश यादव उदाएका थिए। उनको सिंगो परिवार सोही पार्टीमा क्रियाशील छ। मुलायम सिंह यादव, अखिलेश यादव, डिम्पल यादव, शिवपाल यादव, रामगोपाल यादव, प्रतीक यादव, अपर्णा यादव, आदित्य यादव, अक्षय यादव, तेजप्रताव यादव, अभिषेक यादव, धर्मेन्द्र यादव, अजन्त यादव, मृदुला यादव, प्रेमलता यादव, बन्दना यादव, सन्ध्या यादव र शीला यादव आदि उत्तर प्रदेशको राजनीतिमा राजनीतिक कद अनसारको भूमिकामा क्रियाशील रहेका छन्। पछिल्लो समयमा मुलयाम सिंह यादवको परिवारभित्रको पारिवारिक कलहका कारण उत्तर प्रदेशको समाजवादी पार्टी विभाजित अवस्थामा रहेको छ।

यस्तै भारतको राजनीतिमा लालुप्रसाद यादवको परिवार पनि केन्द्रीत छ। भारतको बिहारका पूर्वमुख्यमन्त्री समेत रहेका लालुप्रसाद यादवका दुई छोरामध्ये एक बिहारको उपमुख्यमन्त्री समेत बने भने एक छोरा मन्त्री पनि भए। केन्द्रीय रेलमन्त्री समेत बनिसकेका लालुप्रसाद यादवलाई सन् २०१३ अक्टोबर ३ मा अदालतले ५ वर्षको जेल सजाय र २५ हजार रुपैया जरिवानाको फैसला गरेपनि दुई महिनापनि १३ डिसेम्बरमा रिहा भएका थिए। उनका छोरा तेजस्वी यादव अहिले बिहारका उपमुख्यमन्त्री थिए। उनी क्रिकेट खेलाडी पनि हुन्। उनका दाजु तेजप्रताप यादव बिहारका क्याबिनेट स्तरको हैसियतसहित स्वास्थ्यमन्त्री बनेका थिए। यस्तै भारतको वंश राजनीतिलाई हेर्ने हो भने काश्मीरकी पूर्वमुख्यमन्त्री महबुबा मुफ्ती पनि बाबु मुफ्ती महमदले छाडेर गएको विरासतको राजनीति सम्हालिरहेकी छन्। त्यसरी नै महाराष्ट्रमा राज ठाक्रेका छोरा उद्धव ठाक्रे अहिले मुख्यमन्त्री छन्।

वंश राजनीतिको अनौठो रुप दक्षिण एसियाको राजनीतिमा छ। बंगलादेशको शेख हसिनाको परिवार त्यसको अर्को उदाहरण हो। बंगलादेशकी वर्तमान प्रधानमन्त्री तथा बंगलादेश अवामी लिगकी नेत्री शेख हसिना बंगालदेशका संस्थापक नेता तथा स्वतन्त्रता संग्रामका प्रमुख व्यक्ति पहिलो राष्ट्रपति शेख मुजिबर रहमानकी छोरी हुन्। शेख हसिनाका बाबु, आमा र तीन जना भाई सन् १९७५ को सत्ताविद्रोहका क्रममा



मारिए। उनले सन् १९८० को दशकमा जनरल इरशादको सैनिक शासनविरुद्धको संघर्षका क्रममा केही पटक जेल जीवनसमेत बिताइसकेकी छन्। त्यसपछि उनले बंगलादेश नेशनलिस्ट पार्टीकी नेत्री तथा जनरलपत्नी खालिदा जियासँग पनि कडा लडाई लड्नुपर्‍यो। सन् १९९६ मा चुनाव जितेर देशको शासन सञ्चालन गरिन्। त्यसपछि विपक्षमा पुगेकी शेख हसिनामाथि एक पटक घातक आक्रमण हुँदा २० जना भन्दा बढीको मृत्यु भयो।

सन् २००८ मा भएको आम निर्वाचनमा पुनः विजय प्राप्त गरेकी उनी बंगलादेशको सत्तामा छिन्। बंगलादेशको प्रमुख प्रतिपक्षी पार्टीकी नेतृ खालिदा जिया सन् १९९१ देखि १९९६ सम्म र २००१ देखि २००६ सम्म बंगलादेशको सत्तामा थिइन्। उनले आफ्ना पति जियाउर रहमानबाट पार्टी नेतृत्व हात पारेकी हुन्। रहमान भने सैनिक विद्रोहका क्रममा मारिएका थिए। उनले लगातार शेख हसिनाको सरकार अस्थिर रहेको भन्दै आलोचना गर्दै आएकी छन्। बंगलादेशको वंश राजनीतिका यी दुई परस्पर विरोधी धारका परिवार संकटबाट राजनीतिमा स्थापित भएका छन्।

पाकिस्तानमा भुट्टो परिवार पाकिस्तान पिपुल्स पार्टी (पीपीपी) को राजनीतिमा प्रभावशाली रहँदै आएको छ। यो परिवारका सदस्य पाकिस्तानका प्रमुख पदहरूमा लामो समय आशिन भएका

छन्। बेनजिर भुट्टोका बाबु पूर्वप्रधानमन्त्री स्व.जुल्फिकर अली भुट्टोलाई अदालतको आदेशअनुसार फाँसीमा लट्काइएको थियो भने बेनजिर भुट्टोको २७ डिसेम्बर २००७ मा पाकिस्तानको रावलपिन्डीमा चुनावी र्‍यालीपछिको सभालाई लक्षित गरि भएको बम आक्रमण र गोलाबारीका क्रममा हत्या भएको थियो। सिया मुस्लिम भुट्टो विश्वकै पहिलो मुस्लिम महिला प्रधानमन्त्री हुन्। उनका बाबु जुल्फिकर अली भुट्टो सन् १९७३ देखि १९७७ सम्म प्रधानमन्त्री थिए भने त्यसअघि अयुब खानको शासनकालमा विदेशमन्त्री थिए। तर खानसँगको मतभेदका कारण उनले सन् १९६७ मा पाकिस्तान पिपुल्स पार्टी (पीपीपी) बनाएका थिए।

भारत-चीन युद्ध, ६५ र ७१ को पाकिस्तान युद्धलगायतका समयमा महत्वपूर्ण राजनीतिक पदमा रहेका उनले १९६५ को युद्धपछि पाकिस्तानको परमाणु कार्यक्रमको ढाँचा तयार पारेका थिए। उनलाई सैनिक शासक जिया उल हकको शासनकालमा सन् १९७९ मा फाँसी दिइयो। त्यसपछि भुट्टो राजनीतिको विरासत उनकी छोरी बेनजिर भुट्टोले थामिन। पूर्वकी छोरीका नामले चिनिने बेनजिर भुट्टो विश्वकै पहिलो मुस्लिम महिला प्रधानमन्त्री र दुई पटक निर्वाचित पहिलो महिला प्रधानमन्त्री पनि थिइन्।



उनको विवाह पाकिस्तानको सिन्ध प्रान्तका एक सफल व्यापारी परिवारका छोरा आसिफ अली जर्दारीसँग सन् १९८७ मा भएको थियो। उनका छोरा बिलावल पाकिस्तानी पिपुल्स पार्टीको राजनीतिमा छन्। अक्सफोर्ड, हार्वर्डजस्ता चर्चित विश्वविद्यालयमा शिक्षा हासिल गरेर सन् १९७७ मा पाकिस्तान फर्किएको केही समयमा नै उनका बाबु जुल्फिकर अली भुट्टको सत्ता ढलेको थियो। उनी चुनाव जितेर सत्तामा आएका थिए, तर उनीमाथि विरोधीहरूले चुनावमा धाँधली गरेको आरोप लगाइरहेका थिए। सोही क्रममा उनीविरुद्धको प्रदर्शन चर्कियो र सेना प्रमुख जिया उल हकले भुट्टोलाई बन्दी बनाए र शासनको बागडोर आफ्नो हातमा लिए। उनीमाथि आफ्ना सहयोगीको हत्या गराएको आरोपमा अदालतले ४ अप्रिल १९७९ मा फाँसीको सजाय दिएपछि बेनजिरलाई पनि हिरासतमा लिइयो। सन् १९७७ देखि १९८४ सम्म उनी कैयौं पटक हिरासतमा पर्दै रिहा हुँने क्रम चल्यो। तीन वर्षको जेलपछि १९८५ मा उनी लण्डन गइन्। सोही समयमा उनका भाई शाहनवाजको शंकास्पद अवस्थामा मृत्यु भयो। त्यसबेला आफ्नो भाईको काजक्रियाका लागि पाकिस्तान आइन।

तर उनलाई पाकिस्तानमा चलिरहेको सरकार विरोधी प्रदर्शनमा सहभागी भएको अरोपमा पक्राउ गरियो। तर, त्यसबेला उनी चाँडै रिहा भइन् र आम चुनावको घोषणा भयो। सन् १९८८ मा उनी चुनावमा अत्याधिक मतसहित विजयी भएर पाकिस्तानको प्रधानमन्त्री बनिन्। सन् १९९० मा उनको सरकारलाई राष्ट्रपति गुलाम इशाक खानले बर्खास्त गरिदिए भने सन् १९९३ मा उनी दोस्रो पटक निर्वाचन जितेर प्रधानमन्त्री बनिन्। त्यसपटक उनलाई सन् १९९६ मा भ्रष्टाचारको आरोपमा बर्खास्त गरियो। भ्रष्टाचारको आरोप लागेपछि उनले १९९९ मा पाकिस्तान छाडिन् र युएईमा गएर बसिन्। उनको अनुपस्थितिमा पाकिस्तानको सैनिक सरकारले भ्रष्टाचारका आरोपीमाथि छानविन गर्‍यो र भुट्टो निर्दोष साबित भइन्। १८ अक्टोबर २००७ मा उनी पाकिस्तान फर्किइन्। सोही दिन एक र्‍यालीका क्रममा दुई आत्मघाती हमला भए। त्यसमा १४० जनाको मृत्यु भएपनि उनी मुस्किलले बँचेकी थिइन्। त्यसको केही समयपछि २७ डिसेम्बरमा उनको चुनावी र्‍यालीपछि हत्या भयो। उनको हत्यामा पाकिस्तानका तत्कालीन सैनिक शासक परवेज मुसर्रफको हात रहेको आशंका गरिँदै आएको छ। उनको मृत्युबारे पनि विवाद छ। उनको मृत्यु विस्फोटका कारण भएको मानिएपनि सरकारले विस्फोट र बन्दुकधारीको आक्रमणबाट नभई तिब्रताका कारण भएको विवादास्पद भनाई बाहिर ल्यायो। उनका समर्थकले हत्या विस्फोटक पदार्थको छर्रा लागेर भएको मान्दै आएका छन्। त्यसबेलाको एक भिडियोमा भने भुट्टोमाथि एक व्यक्तिले चार गोली चलाएको देखाइएको थियो। उनको हत्याको विवाद चर्किदै जाँदा पाकिस्तान सरकारले पोस्टमार्टमको रिपोर्ट सार्वजनिक गर्ने बताएको थियो। तर उनका पति आसिफ अली जर्दारीले त्यसो नगर्न आग्रह गरे। उनको हत्याको जिम्मा अलकायदाका मुस्तफा अबु अल याजिदले लिएका थिए। उनका पति आसिफ अली जर्दारी सन् २००८ देखि २०१३ सम्म पाकिस्तानको राष्ट्रपति बने। उनको परिवारको पाकिस्तानी राजनीतिमा दबदबा भने अझै सकिएको छैन। उनका छोरा बिलवाल पाकिस्तानको राजनीतिमा छन्। असिफ अली जर्दारीकै भाइ अहिले पाकिस्तानका राष्ट्रपति छन्। बिलाबल भुट्टो पाकिस्तानका विदेशमन्त्री बनेका छन्।

वंश राजनीतिमा श्रीलंकाको सिरिमाओ बन्दरानायकेको परिवार विश्वमै चर्चित परिवार हो। जहाँ राजनीतिमा निकै दुर्लभ रेकर्डहरू कायम भएका छन्। श्रीलंकाकी पूर्व प्रधानमन्त्री सिरिमाओ बन्दरानायके आधुनिक विश्वकी पहिलो महिला प्रधानमन्त्री हुन्। उनले प्रधानमन्त्रीका रुपमा श्रीलंकामा तीन कार्यकाल (सन् १९६० देखि ६५, १९७० देखि ७७ र १९९४ देखि २००० सम्म) श्रीलंकालाई नेतृत्व प्रदान गरिन् भने लामो समय श्रीलंका फ्रिडम पार्टीको नेताका रुपमा रहिन। बन्दरानायके श्रीलंकाका पूर्वप्रधानमन्त्री सोलोमन बन्दरानायकेकी श्रीमती तथा चौथो कार्यकारी राष्ट्रपति चन्द्रिका कुमारातुंगा र श्रीलंकाको संसदका पूर्वसभामुख तथा क्याबिनेट मन्त्री अनुरा बन्दरानायकेकी आमा हुन्। यो परिवारसँग आमा प्रधानमन्त्री र छोरी राष्ट्रपति भएको दुर्लभ कीर्तिमान छ। सन् १९९४ देखि श्रीलंकाको पाँचौं राष्ट्रपति चन्द्रिका कुमारातुंगा भइन् भने सोही वर्षदेखि २००० सम्म उनकी आमा सिरिमाओ बन्दरानायके प्रधानमन्त्रीको पदमा आशिन भइन्। श्रीलंकाकी पहिलो र एकमात्र महिला राष्ट्रपति चन्द्रिका कुमारातुंगा दुई पूर्वप्रधानमन्त्रीकी छोरी हुन्। उनी आफैंपनि सन् १९९४ मा श्रीलंकाको प्रधानमन्त्री बनेकी थिइन्। श्रीलंका फ्रिडम पार्टीकी नेतृ कुमारातुंगाले सन् सन् १९९४ देखि २००५ सम्म ११ वर्ष ७ दिन श्रीलंकाको राष्ट्रपतिको पद सम्हालिन्। उनका भाई अनुरा बन्दरानायके श्रीलंकाको संसदका पूर्वसभामुख र पूर्वक्याबिनेट मन्त्रीसमेत हुन्।

श्रीलंकामा राजपाक्ष परिवार पनि वंश राजनीतिकै विरासत थामिरहेको छ। महिन्द्रा राजपाक्ष श्रीलंकाको राष्ट्रपति भए। उनले २६ वर्ष लामो तमिल विद्रोहलाई दमन गरे। श्रीलंकाको जाफ्ना प्रायद्विपलाई आधार क्षेत्र बनाएर श्रीलंकाका अल्पसंख्यक तमिलहरूले अलग तलिम राज्यको माग गर्दै सशस्त्र विद्रोह गरेका थिए। तमिल टाइगर्सको नेतृत्वमा भएको विद्रोहले श्रीलंका विश्वमै गृहयुद्ध चलिरहेको देशको रुपमा चर्चित थियो। महिन्द्रा राजपाक्षले चलाएको तमिल विद्रोह दमन सैनिक अभियानमा तमिल टाइगर्सका नेता प्रभाकरण मारिएपछि युद्ध अन्त्य भयो। वर्तमान राष्ट्रपति गोटावाय राजपाक्ष महिन्द्राका भाइ हुन्। त्यसबेला उनी रक्षामन्त्री थिए। महिन्द्रापछि गोछटाय श्रीलंकाका राष्ट्रपति भए। उनले आफ्ना दाजु महिन्द्रालाई प्रधानमन्त्रीमा नियुक्त गरे। अहिले श्रीलंका आर्थिक संकटको सामना गरिरहेको छ। नागरिकहरू राष्ट्रपति र प्रधानमन्त्री दुवैको राजीनामा माग्दै आन्दोलित छन्। राष्ट्रपति गोटावायेल दाइ महिन्द्रलाई प्रधानमन्त्रीबाट हटाएर नरसिंहे प्रेमादासालाई प्रधानमन्त्री बनाएका छन्। तर आन्दोलनकारीहरूले गोटावायकै राजीनामालाई मुख्य एजेन्डा बनाएका छन्। राजपाक्ष शासनकालमा विदेशी ऋण बढेर ब्याजसमेत तिर्न नसक्ने अवस्था भएको छ श्रीलंकाको। त्यस्तै क्युवामा फिडेल क्यास्त्रोको विरासत राहुल क्यास्त्रोले थामेका थिए। फिलिपिन्समा मार्कोसपुत्र जुनियर मार्कोस अहिले राष्ट्रपति बनेका हुन्।

नेपालमा पनि वंश राजनीतिको विरासत थाम्ने धेरै छन्। मातृका कोइराला, बीपी कोइराला, गिरिजाप्रसाद कोइराला दाजु भाइहरू हुन्। तीनैजना नेपालका प्रधानमन्त्री बने। अहिले पनि गिरिजापुत्री सुजाता र नोनापुत्र शेखर कोइराला र बीपी पुत्र शशांक कांग्रेस राजनीतिमा सक्रिय छन्। सुशील कोइरालाले पनि कोइराला परिवारको विरासत थामेका थिए।

अर्का कांग्रेस नेता गणेशमान सिंहका पुत्र प्रकाशमान सिंह कांग्रेस राजनीतिमा सक्रिय छन्। गणेशमानकै बुहारी प्रकाशमानकी पत्नी सिर्जना सिंह भर्खरै काठमाडौं मेयरको निर्वाचनमा बालेन्द्र साहबाट पराजित भएकी छन्। पुराना कांग्रेस नेता महेन्द्र नारायण निधिका छोरा विमलेन्द्र निधि पनि कांग्रेस राजनीतिमा अहं व्यक्तित्व मानिन्छन्। माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले आफ्नै छोरी रेणु दाहाललाई वंश राजनीतिको विरासत थाम्न अघि बढाएका छन्। रेणु दोस्रो पटक भरतपुरको मेयरमा निर्वाचित भएकी छन्।

प्रेरक

पसिनाको कमाइ

प्रेरक

इब्राहिमको इमान

एकपटक एकजना मानिस बाटामा यताउता घुमिरहेका थिए। उनी त्यसरी बेकारमा घुमिरहेकी देखेर एकजना धनी मानिसले उनलाई आफ्नो बगैंचाको रेखदेख गर्ने काममा सुम्पिए। त्यसरी काम पाएपछि ती मानिस पनि खुसी भए। उनी तत्काल सो कामका लागि राजी पनि भए। उनले तत्कालै ती धनी मानिसको प्रस्ताव अनुसारको काम गर्ने मञ्जुरी दिए। त्यस दिनदेखि ती मानिसले कयौं वर्षसम्म अत्यन्त मेहनत र इमानदारीपूर्वक ती धनी मानिसको बगैंचाको काम गरिरहे। एकपटक ती धनी मानिसको घरमा उनका केही विशिष्ट अतिथि आए। धनी मानिसले ती बगैंचा रक्षकलाई केही मिठा आँप टिपेर ल्याउन अह्राए। उनले भने- तिमी त्यो बगैंचामा जाऊ र मीठा मीठा आँप टिपेर ल्याउ।' कामदार आँप टिपेर धनी मानिसका आफन्तलाई दिए। अतिथिले आँप खान सुरु गरे। तर अमिला रहेछन्। आफूले मीठा मीठा आँप ल्याउनु भनी अह्राएकोमा अमिला आँप ल्याएको भनेर धनी मानिस रिसाए। 'यतिका वर्ष आँपको बगैंचामा काम गरेर पनि तिमीलाई कुन आँप मीठो छ, कुन अमिलो भन्ने थाहा छैन ?' उनले भने।

मालिकको आक्रोश देखेर पनि विचलित भई बगैंचाको रक्षकले नम्र स्वरमा भने- मलाई साँच्चै थाहा छैन हजुर, त्यो बगैंचाको कुन चाहिँ आँप मीठो छ र कुन अमिलो भन्ने। सेवकको जवाफ सुनेर मालिकले कारण सोधे। कामदारले नम्रतापूर्वक भने- मैले आजसम्म त्यो बगैंचाको एउटा पनि आँप चाखेको छैन। कसरी स्वाद थाहा पाउने ?

धनी मानिसले सोधे- किन चाखेनौ त आँप ? रक्षकले भने- हजुरले मलाई आजसम्म बगैंचाको आँप खानु भन्नुभएको छैन।

यो कुरा सुनेपछि धनी मानिस छक्क परे। रक्षकले भने- हजुरले मलाई बगैंचा रेखदेखका लागि राखेको हो। हजुरको आज्ञाबिना चोरी गरेको खानु बेइमानी हो। ती इमानदार सेवक पछि गएर महात्मा

साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

मेष

समस्याप्रति गम्भीर नबन्दा अवसर गुम्न सक्छ। आफ्नै कमजोरीले इष्टमित्र टाढिन सक्छन्। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। फाइदाका पछि लाग्दा सम्बन्ध बिग्रन सक्छ। खर्च बढ्नुका साथै अर्थ अभाव महसुस हुनेछ। आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन्। चुनौती पन्छाउँदै होसियारीसाथ काम लिनुपर्ने समय छ। सोचेको काम नबन्न सक्छ।

वृष

चिताएको कामले राम्रै लाभ दिलाउनेछ। साझेदारीमा पनि राम्रो फाइदा हुनेछ। आयआर्जनका स्रोत बढ्नेछन् भने व्यापारमा पनि बढी नै फाइदा हुने समय छ। आम्दानी बढढ्नेछ भने परिवारजनका आवश्यकता पूरा हुनेछन्। दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ। गरिएका कामको राम्रै मूल्यांकन हुनेछ। भौतिक साधनसमेत जुट्नाले प्रसन्नता मिल्नेछ। सोचेका काम नबन्न सक्छ।

मिथुन

विभिन्न अवसर प्राप्त हुनुका साथै कीर्तिमानी काम गर्ने समय छ। व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। शुभचिन्तकहरूको सहयोग जुट्न सक्छ। अरूलाई प्रभावित पारेर काम बनाउने समय छ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। सामाजिक दायित्व बढ्नेछ। भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ। परिवारमा अस्वस्थताले चिन्ता बढ्नेछ।

कर्कट

स्वास्थ्य कमजोर रहनाले काम सम्पादन गर्न नसकिएला। समयमा काम पूरा नहुनाले अवसर गुम्न सक्छ। जिम्मेवारी भने बढिरहनेछन्। बाध्यताले अप्ठ्यारोमा पार्न सक्छ। सहयोगको आशा देखाउनेहरूबाटै धोका पाइने सम्भावना छ। व्यावसायिक काममा खर्च बढ्नेछ भने अरूका काममा महत्त्वपूर्ण समय बित्न सक्छ। काममा लगानी गर्न केही समय प्रतीक्षा गर्नुहोला।

सिंह

पहिलेका समस्या दोहोरिन सक्छन्। स्वास्थ्यमा कमजोरी र उपचारमा खर्च हुने योग छ। मुख्य काममा बाधा हुने देखिन्छ। सानातिना घरेलु काममै अल्झनुपर्दा मन खिन्न रहनेछ। सवारीमा सावधानी अपनाउनुहोला। लेनदेनको विवादले अप्ठ्यारो पर्न सक्छ। पढाइलेखाइमा पनि समय दिन नसकिएला। अरूको भरपर्दा काममा बाधा पुग्न सक्छ, सजग रहनुहोला।

कन्या

सुखदुःखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन् भने परिवारजनको साथले थप उत्साह जगाउनेछ। प्रेम र मित्रताको बन्धन कसिनुका साथै रमाइलो भेटघाट हुनेछ। विभिन्न सहयोग र उपहार प्राप्त हुनेछन्। आयआर्जन पनि राम्रै हुनेछ। अतिथिका रूपमा सम्मान प्राप्त हुन सक्छ। स्वास्थ्यमा ध्यान पुर्याउनुहोला। फुर्सद मिल्नुका साथै यात्रा गर्ने अवसर जुट्न सक्छ। यात्राको सम्भावना छ।

तुला

परिस्थितिसँग केही सम्झौता गर्नुपरे पनि अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ। प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ। मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। भौतिक साधन जुट्नेछन् र दिगो फाइदा हुने काम सुरु हुन सक्छ। लामो यात्राको प्रक्रिया अघि बढ्नेछ। हठ गर्ने बानीले दुःख पाइनेछ भने सद्विचार लिनेहरूका लागि मात्र समय उत्साहजनक रहनेछ। केही सुखद खबर सुन्न पाइनेछ।

वृश्चिक

समयलाई पछ्याउन नसक्दा दुःख पाइनेछ। भौतिक साधन बिग्रनाले पनि लक्ष्य प्राप्त गर्न नसकिएला। अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ। पेटको खराबीले स्वास्थ्य कमजोर रहला। अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ने देखिन्छ। आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन्। अवसर आए पनि नयाँ काममा हातहाल्नुअघि विचार पुऱ्याउनुहोला।

धनु

परिस्थिति अलि प्रतिकूल रहनेछ भने सोचेको लाभ नउठ्न सक्छ। साझेदारीमा समस्या आउनुका साथै पहिलेको सम्झौता भंग हुन सक्छ। अरूको फाइदाका लागि उपयोग भइएला। काम बिग्रने डरले सताइरहनेछ। काम दोहोर्याउनुपर्ला। बेसुरमा वचन दिनाले दुःख पाइनेछ। महत्त्वाकांक्षी योजना गोप्य राख्नुहोला। आमाको माध्यमबाट काम बनाउन सकिनेछ।

मकर

परिश्रम परे पनि समय निकै फलदायी रहनेछ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ। गरिएका कर्मको उचित प्रतिफल पाइनेछ। कृषिमा केही समस्या देखिए पनि प्रशस्त धन आर्जन गर्ने मौका छ। प्रतिस्पर्धाले फाइदा दिलाउनेछ। समय राम्रै छ।

कुम्भ

अवसर प्राप्त भए पनि समयको महत्त्व नबुझ्नाले पछि परिनेछ। अध्ययनमा धेरै समय दिन नसकिएला। अरूको मुख ताक्ने बानीले पनि काम अधुरो रहनेछ। आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय भएकाले बोली-व्यवहारमा सजग रहनुपर्ला। व्यवहारमा शुभचिन्तकहरूको भावना बुझ्ने चेष्टा गर्नुहोला। सोखले खर्च बढाउने हुँदा अर्थ अभाव समेत देखापर्न सक्छ।

मीन

विगतको सफलताले थप काम गर्न हौसला मिल्नेछ। नयाँ कामको प्रस्ताव आउनेछ। तपाईंलाई अभिप्रेरित गर्नेहरू प्रशस्तै भेटिनेछन्। मनग्य धन आर्जन होला। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। नयाँ रचनात्मक काम सुरु गर्ने समय छ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द पाइएला। पहिलेका कमीकमजोरीलाई पनि सुधार गर्ने मौका छ।

समाचार

चलचित्रमा अभिव्यक्ति स्वतन्त्रता

चलचित्रमा अभिव्यक्ति स्वतन्त्रताको बिषयमा चलचित्रकर्मी र पत्रकारहरूबीच छलफल भएको छ। नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको पाँचौ संस्करणको चौथो दिन गणतान्त्रिक संविधानले अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टी गरेको समयमा पनि चलचित्रलाई सेन्सर गर्नु संविधानको भावनाविपरित भएको निष्कर्ष उक्त छलफलबाट निकालिएको छ।

किताब छाप्दा, गीत लेख्दा, पत्रकारिताको सामग्रीहरूमाथि सेन्सर नहुने तर चलचत्रिको कथा र शिर्षकमाथि नै सेन्सर हुनु असाध्यै निरंकुश अवधारण भएको भन्दै वरिष्ठ पत्रकार निर्मला शर्माले चलचित्रको अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गरिएको बताउनुभयो। अभिव्यक्तिको सबैभन्दा प्रभावकारी माध्यम भनेको मेरा सबै पात्रहरू न्यूड छन् र जस्तो पनि भाषा बोल्छन् भने पनि मैले चलचित्र बनाउन पाउनुपर्छ भन्ने दाबी गर्दै चलचित्रकर्मी गणेशदेव पाण्डेले आफ्नो चलचित्र गाँजाबाजाको नाम नदिएर परिवर्तन गरिएको बताए। सेन्सर कथाको छनौटबाट नै सेन्सर गरिने तथा निर्माण भैसकेपछि पनि डरको कारणले अंकुश लगाएको हो भन्दै निर्देशक पाण्डे भन्छन् - म न्यूडिटिमाथि चलचित्र बनाउन तयारी गर्दैछु यदि राज्यले रोक्न सक्छ भने रोकोस्।

त्यस्तै पत्रकार तथा चलचित्रकर्मी अरुणदेव जोशीले चलचित्रदेखि शासकहरू डराउने कुरा बताउँदै आफ्नो विरुद्ध चलचित्रको प्रयोग नहोस् भनेर सेन्सरको व्यवस्था गरिएको भन्दै आफ्नो मत राखे। चलचित्रकर्मीहरू जिम्मेवार हुदै सेल्फ सेन्सर गर्नुपर्छ भन्दै पत्रकार शर्माले त्यसपछि भने सेन्सरको आवश्यक नै पर्दैन भन्ने विचार राखिन्।

शासक नै निरंकुश भएको कारण असाध्यै अन्याय र अत्याचारहरू समाजमा व्याप्त छ भन्दै चलचित्रकर्मी जोशीले त्यस कारण यथार्थपरक चलचित्रमा बढी सेन्सर भएको पाइन्छ। त्यसैले सेन्सर शासक सुरक्षाकवचको रुपमा प्रयोग भइरहेको बताए।

नयाँ मान्छे निर्देशक बन्न नपाउने प्रावधान गलत भएको भन्दै पत्रकार शर्माले तर चलचत्रि जस्तो प्रभावकारी माध्यमको क्याप्टेन निर्देशक अनुभवी हुन आवश्यक भएको बताइन्।

चलचित्रलाई कलाको रुपमा हेर्नुपर्छ, इतिहासलाई हेर्ने आ-आफ्नो दृष्णिकोट हुनसक्छ। जसले जे पनि गर्न पाइदैन भन्दै पत्रकार शर्मा चलचित्र नागरिककै बनाउने भएको हुनाले समाजप्रति जिम्मेवार हुनुपर्ने कुरा छलफलको क्रममा बताइन्। अभिव्यक्ति स्वतन्त्रताको उपयोग सबैले गर्न पाउनुपर्ने भन्दै राज्यले चलचित्रमाथि सेन्सर गर्ने प्रक्रियालाई बन्द गरोस् भन्ने निर्ष्कष छलफलबाट निकालिएको थियो।

राम्रो अभिनय के हो ?

५औं नेपाल अन्तर्राष्टिय चलचित्र महोत्सवको तेस्रो दिन आज राम्रो अभिनय के हो ? प्रश्नको उत्तर खोज्न कलाकर्मीहरूले बहस गरेका छन्। कलाकार विपिन कार्कीले अभिनय राम्रो र नराम्रो नै हुदैन भन्दै मैले फिल गरेको अर्को कुनै कलाकार फिलमा फरक हुन्छ। कलाकार अभिनयमा इमानदार हुनुपर्छ। त्यो इमानदार भनेको कुनै निश्चित पात्र आफू जस्तै हुनुपर्छ अनि मात्र स्वभाविक र जीवन्त देखिन्छ।

त्यस्तै नाट्यकर्मी सुनिल पोखरेलले पनि कलाकार आफुप्रती इमानदार हुनुपर्छ, अनि मात्र राम्रो अभिनय हुने कुरा बताए। उनले फिल्म डाइरेक्टरको माध्यम हो भने थिएटर एक्टरको माध्यम हो भएको कुरा पनि उल्लेख गर्दै एक्टरलाई बाँधेर राख्यो भने राम्रो अभिनय हुन सक्दैन भने।

अभिनय आ-आफ्नो शैलीमा हुन्छ भन्दै कलाकार विपिन कार्कीले एउटै पात्रलाई दुई अलग व्यक्तिले फरक शैलीमा प्रस्तुत हुने कुरा छलफलको क्रममा बताए।

नाटकमा भन्दा चलचित्रमा क्यारेक्टराइजेशन कमजोर हुने प्रसंगमा कलाकार सरिता गिरीले नाटकमा महिनौ रिहर्सल गर्दा अभिनय मात्र हैन क्यारेटराइजेशन पनि बलियो हुन्छ। फिल्ममा भने समय थोरै मात्र दिइन्छ, जसको क्यारेटराइजेशन कमजोर देखिने बताइन। थिएटर र फिल्म फरक माध्यम हो भन्दै कलाकार कार्कीले अभिनय सबै पात्रहरूको लय मिलेको छ भने अनि मात्र राम्रो देखिन्छ। त्यसैले यो टिम वर्क भएको उल्लेख गरे।

नाटकका कलाकारले लाउड अभिनय गर्छन भन्ने बिषयमा कलाकार गिरिले थिएटर कलाकारले लाउड अभिनय गर्छन भन्ने गर्ने आरोपलाई स्विकार गर्दै तर अभिनयको मात्रा कसरी घटाउने भन्ने कुरा नबताईदा भने कहिले काही समस्या हुने बताइन। उनले भनिन् जहा गरे पनि अभिनय अभिनय नै हो।

पात्रलाई कसरी एडप्ट गर्ने भन्ने प्रसंगमा कलाकार गिरिले कुनै पात्रलाई डिटेलमा बुझ्ने, उसको इनर थट के हो ? टेक्स सब टेक्समा मनन गर्ने जसले गर्दा अभिनय जिवन्त हुन्छ। चलचित्र आमाको पात्रलाई बुझ्न रियल घटना र पात्रलाई लामो समयसम्म अध्ययन गरेको बताइन्। यसै प्रसंगमा नाट्यकर्मी पोखरेलले चरित्र बुझ्न स्कृप्ट धेरै पटक पढ्नु पर्ने बताए।

आफ्ना भिन्न चलचित्रका भिन्न पात्रको बारेमा चर्चा गर्दै कलाकार कार्कीले पहिलो क्यारेक्टर दोश्रो क्यारेक्टरमा हाबी हुन सक्ने भन्दै कलाकारको लागि सबैभन्दा ठूलो चुनौती भएको र पहिलो पात्रलाई बिर्सन कठिन हुने आफ्नो अनुभव शेयर गरेका छन्। यसै प्रसंगमा नाट्यकर्मी पोखरेलले कलाकार क्यारेक्टराइजेशनबाट सुन्यमा पुग्न व्यक्ति पछि फरक हुन्छ।

कलाकारले आफ्नो जमीनलाई बिर्सेको प्रसंगमा नाट्यकर्मी पोखरेलको सटिक जवाफ थियो जसले भुई छोड्छ त्यो हराउछ।

विद्यालयमा नरसंहार, १५ जनाको मृत्यु

न्युयोर्क। अमेरिकाको टेक्सासमा गोली चल्दा कम्तीमा १४ बालबालिका र एक शिक्षकको मृत्यु भएको छ। रब एलिमेन्ट्री स्कुलमा १८ वर्षीय बन्दुकधारीले एक प्राथमिक विद्यालयमा हमला गर्दा उनीहरूको मृत्यु भएको राज्यका गभर्नरले जानाकारी दिए।

पछिल्लो हमला वर्षौंपछि देशको सबैभन्दा डरलाग्दो आक्रमण हो। उक्त विद्यालयमा सातदेखि १० वर्षका बालबालिका अध्ययन गर्छन्। गभर्नर ग्रेग एबोटले पत्रकार सम्मेलनमा भने, 'आक्रमणकारीले भयानक र बुझ्न नसकिने गरी १४ विद्यार्थी र एक शिक्षकको हत्या गरेको छ।'

आक्रमणकारीको पनि मृत्यु भएको छ। कानुन पालना गराउने अधिकारीको कारबाहीमा उनी मारिएको प्रारम्भिक विवरणमा जनाइएको छ। राष्ट्रपति जो बाइडनले मृतकहरूको सम्झनामा तीन दिनसम्म राष्ट्रिय झन्डा आधा झुकाउन निर्देशन दिएका छन्।

अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Tractable = नियन्त्रणमा लिन सकिने, सुधो She seems a tractable young woman but in reality she is stubborn हेर्दा सिधाजस्तो देखिए तापनि यथार्थमा तिनी हठी स्वभावकी छिन्।

Urbane = सहरीया, भलाद्मी His get-up looks like those of urbane but the manner does not उसको पहिरन सहरीया मान्छेको जस्तो देखिए पनि स्वभाव भने त्यस्तो छैन।

Vagabond = डुलुवा। कुनै उद्देश्यविना नै त्यसै डुल्ने He is a carefree vagabond ऊ एक निश्चिन्त रुपबाट जता मन लाग्यो त्यतै हिँड्ने खालको मान्छे हो।

Waive = अस्थायी रुपमा त्याग्नु वा छोड्नु। अडिग नरहनु As he did not waive his claim, we could not decide on the matter उ आफ्नो माग अडिग नै रहेको हुँदा हामीले त्यस विषयमा कुनै निर्णय गर्न सकेनौ।

Yacht = हावाको झोक्काले कुद्ने हलुको डुंगा Every weekend he goes for yachting = हरेक सप्ताहको अन्त ऊ हावाको झोक्काले कुद्ने हलुको डुंगामा नौका विहार गर्न जान्छ।

Zing = जिउँदोपन, शक्ति If you put lilttle more zing into your playing, you probably win the match अलिकति मात्रै बढी शक्ति लगायौं भने तिमीले म्याच जित्ने सम्भावना छ।

Adversity = गरिबी, दुर्भाग्य Everyone should face adversity with courage दुर्भाग्यको सामना हरेकले धैर्यले गर्नुपर्दछ।

Burnish = घोटेर, दलेर वा पुछेर चम्काउनु, वा चम्किलो बनाउनु Soldiers spend their time also in burnishing shoes सिपाहीहरू जुत्ता चम्काउनकै लागि पनि समय खर्च गर्दछन्।

Coagulate = बाक्लो बनाउनु Some sweets are made by coagulating the milk केही मिठाइहरू दूधलाई पकाएर बनाएको खुवाबाट बनाइन्छ।

Desultory = विना योजना, विना उद्देश्यको A desultory action can not be effective विना योजना गरिएको कार्य प्रभावपूर्ण हुन सक्तैन।

Blow बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Blow out = पड्कनु This tyre is about to blow out यो टायर पड्किने अवस्थामा पुगेको छ।

Blow over = कम हुँदै जानु The storm blew over in the night आधि रातपरे पछि कम हुँदै गयो।

Blow up = विस्फोट हुनु The bomb blew up even if attempt was made to dispose it निष्किय गर्ने कोसिस गर्दागर्दै बम विस्फोट भएको थियो।

Blow up = चल्नु Already since yesterday the storm has started blowing up हिजोदेखि नै हुरी चल्न शुरु भएको हो।

Blow up = चुलिनु Political crisis blew up over president's speech राष्ट्रपतिको भाषणलगत्तै राजनीतिक संकट चुलियो।

Blow somebody up = हप्काउनु His boss blew him up for being late ढिला भएकोमा उसको हाकिमले उसलाई नराम्ररी हप्काउनु।

Blow something up = बमले उडाइदिनु A group of terrrorists blew up a police station आतंककारीको एक जत्थाले प्रहरीचौकी बमले उडाइदियो।

Blow up = ठूलो बनाउनु This phto of yours is very lovely, blow it up तिम्रो यो तस्बिर ज्यादै सुन्दर छ, यसलाई ठूलो बनाउ।

Blow up = हावा भर्नु This tyre needs blowing up यो टायरमा हावा भर्नु आवश्यक छ।

Blow up = बढ्नु His popularity as an actor is blowing up कालकारको रुपमा उसको लोकप्रियता बढ्दैछ।

सुडोकु-अंक २६२

६	३							२
	७							
		९		६	२			५
४				७	८			६
		८	६		५	९		
५			३	९				१
३			८	४		६		
							३	
९							५	७

अंक २६१ को नतिजा

७	१	४	६	८	२	९	५	३
३	२	५	७	४	९	८	६	१
९	८	६	३	१	५	४	२	७
१	७	२	८	५	६	३	४	९
६	३	८	१	९	४	२	७	५
५	४	९	२	३	७	१	८	६
२	५	१	९	६	८	७	३	४
४	९	७	५	२	३	६	१	८
८	६	३	४	७	१	५	९	२

KIM JONG IL

ON PRESERVING THE JUCHE CHARACTER AND NATIONAL CHARACTER OF THE REVOLUTION AND CONSTRUCTION JUNE 19, 1997

There is now a sharp confrontation in the world between socialism and imperialism, and between the forces of independence and the forces of dominationism. In the complex international situation and relationship between forces, the peoples struggle against domination and subjugation and for independence is continuing. The imperialists and reactionaries are tenaciously manoeuvring to arrest the world progressive peoples drive towards independence and to obstruct their struggle for independence with a view to realizing their ambition for domination, but no force can ever turn back the main trend of our age which is heading for independence.

In order to thwart the dominationist machinations of the imperialists and reactionaries and give a strong impetus to the peoples cause of independence, the cause of socialism, we must maintain the Juche character of the revolutionary struggle and construction and sustain their national character.

Preserving these qualities is imperative for the independent development of the country and nation and for success in realizing independence for the popular masses. Past experience and lessons have proved that adherence to the Juche character and national character is the key to success in the revolution and construction and vital to national prosperity.

Under the wise leadership of the great leader Comrade Kim Il Sung, our Party and our people have resolutely maintained the Juche character and national character in opposition to imperialism and dominationism throughout the entire period of the revolutionary struggle. As a result, they have achieved an independent development of the country and nation without any deviation and have won brilliant victory in the revolution and construction.

In the future, too, we shall firmly keep the Juche character and national character of the revolution and construction and fight staunchly along the road of Juche.

Adherence to the Juche character and national character of the revolution and construction is a fundamental principle that must be maintained in accomplishing the peoples cause of independence, the cause of socialism. Maintaining the Juche character of the revolution and construction means that the popular masses shape the destiny of their country and nation and their own destiny independently and creatively by being the masters of their destiny.

Sustaining the national character means preserving and developing the good qualities of the nation and embodying them in all spheres of social life. Maintaining the Juche character and sustaining the national character of the revolution and construction is a principled requirement for carrying out the socialist cause in keeping with its own nature of independence and past and present conditions. The socialist cause is the revolutionary cause of independence which is aimed at realizing independence for the popular masses and advances and is accomplished by the struggle of the masses. A country and nation is a community of people as well as a basic unit in which they shape their destiny. The masses destiny is inseparably linked with the destiny of their country and nation. Since the popular masses live and shape their destiny within a nation-state as a unit, the masses cause of independence, the socialist cause, is in no way separate from their country and nation, and it is impossible to realize the masses independence unless the independence of their country and nation is ensured. A man as a social being is a member of a social stratum and social class as well as a member of his nation. He has both the class character and national character. Since each nation has peculiar cultural traditions that have been formed and consolidated down through history, it is impossible to meet the masses desire for independence and their interests to the full if their national character is ignored. It is only when the socialist cause preserves the Juche character and national character that it can be a truly revolutionary cause that champions and realizes independence for the masses and ensures the independent development and prosperity of the nation.

Preserving the Juche character and national character is the common requirement and aspiration of all countries and all peoples. There exist no people who do not love and value their country and nation or like to see the dignity and soul of their nation trampled upon and ignored. In order to ensure that socialism strikes root deep in the peoples minds and advances with strong sympathy and support of the masses, it is necessary to maintain the Juche character and national character in carrying out the socialist cause so as to keep the dignity of the country and the soul of the nation.

Preserving the Juche character and national character and ensuring the independent development of the country and nation are an essential requirement for strengthening international unity and solidarity and contributing truly to the development of the world revolutionary movement. There are many countries and nations in the world, and each country and nation has its own characteristics, but all the countries and nations are equal and independent.

International unity and solidarity are the relationships of mutual support and cooperation among the countries and nations which aspire after independence. These relationships can develop as truly voluntary and durable ties only on the basis of ensuring the independent development of each country and nation and respecting each others independence. Unity and cooperation based on independence constitute a truly internationalist relationship among countries and nations. When the Juche character and national character are suppressed, and when the independence of countries and nations is trampled upon, inequality and discord occur among countries and nations, and

unity and cooperation become impossible. The socialist cause is a national cause and also an international one, and the world socialist cause advances and is accomplished through the process of victory and development of the revolution in each country. Only when the people of each country carry out the revolution and construction in their country successfully as masters can the world socialist cause advance triumphantly.

Although preserving the Juche character and national character is a matter of fundamental significance in shaping the masses destiny, no correct solution was given to this problem by the previous working-class theories. One previous theory, which clarified the law of the development of human history from the point of view of historical materialism, related the formation of nations to the emergence and development of capitalism and predicted that the nation itself would gradually disappear with the liquidation of the capitalist system and with progress in the building of socialism and communism in all countries.

Under the circumstances in the past when the driving force of the revolution was not prepared in each country and nation and when the need to strengthen international solidarity among the working class in the struggle against capitalism and imperialism was the basic problem, that theory was unable to raise the question of sustaining the Juche character and national character of the socialist cause to be carried out. The previous theorys argument that the working class has no motherland can be viewed as reflecting the requirement for strengthening international working-class unity and solidarity which were urgent for the socialist movement of the period as well as the need for overcoming opportunism which spread bourgeois nationalism in the working- class movement and the socialist movement.

In our times when the popular masses carry out the revolution and construction actively on their own initiative with the nation- state as a unit and with their destiny firmly in their hands, the task of each country and nation for adhering to the Juche character and sustaining their national character has presented itself as an urgent requirement. However, the political parties in several countries which were building socialism in the past failed to evolve a new theory and a new policy in keeping with the new realities and find correct solutions to the problems arising in ensuring the independent development of countries and nations. Those parties regarded the national contingents carrying out the revolution and construction to meet their peoples desires and to suit their national characteristics and their countries specific situations within the world socialist movement as contradicting internationalism, and did not pay due attention to the matter o preserving independence of the countries and nations and sustaining the national characteristics. Because of this prejudice and incorrect policy, socialism in these countries failed to develop as a cause for these countries and nations and, in consequence, lost its national footholds and support.

Socialism is a class cause and at the same time a cause for national development and prosperity. The process of the development and consummation of the socialist society must be the process of meeting the class demand and interests of the working masses and also the process of making the country rich and strong and bringing prosperity to the nation. Since the working class and the other working masses make up the overwhelming majority of any nation, the practice of ignoring the Juche character and national character will inevitably result in the failure to meet even the class demand of the working masses properly. Because the socialist cause failed to become the cause of genuine national independence in several countries, socialism suffered a gradual weakening of its class foundation and was unable to ward off frustration and collapse due to the anti-socialist manoeuvres of the imperialists and the renegades from the revolution.

In the countries where socialism collapsed, the dignity of the countries and nations was trampled upon, their peoples suffered disasters and even bloodshed was caused by the clashes between nations. Taking advantage of these events, the imperialists are making frantic efforts to cloud the image of socialism by attributing national calamities to socialism.

The imperialists allegation that socialism is inferior to capitalism in the development of nations is a shameless lie that black is white and white is black. It is not socialism but capitalism that blocks the road of national development. In the capitalist society where the nation is split into hostile classes and individuals interests are placed above public interests, national unity cannot be achieved, people cannot have the attitude as befits masters towards the development of the country and nation, nor can the social wealth be used properly for the common development of the nation. The exploiting class which owns all the means of production and wealth in the capitalist society is only interested in making money.

The reactionary exploiting class does not hesitate to sell out the interests of their country and nation and harm other countries and nations for money- making. It is the immutable nature of imperialism to dominate and plunder other nations. Under capitalism there can be neither national equality nor free development of nations. The genuine prosperity of a country and nation can only be realized in the socialist society in which the entire nation has common interests and all the social wealth is used for the common development of the nation. Socialism ensures free development of nations and abolishes both class exploitation and all forms of social inequality.

Under the guidance of the great leader Comrade Kim Il Sung, our Party and our people have firmly and consistently maintained the Juche character and properly sustained the national character of the revolution and construction and thus advanced the Juche revolutionary cause victoriously.

The respected leader Comrade Kim Il Sung was a great thinker, theoretician and statesman who advanced the idea of preserving the Juche character and national character for the first time in history, translated it brilliantly into reality and gave successful leadership to the revolution and construction.

Preserving and embodying the Juche character and national character is the principled requirement of the revolution and construction elucidated by the Juche idea created by the great leader Comrade Kim Il Sung. The Juche idea, the man-centred outlook on the world, is a noble idea of loving the people as well as an idea of true love for the country and nation it is a great revolutionary idea of our times which illuminates the road of advancing the cause of world independence forcefully. The Juche idea has clarified that the country and nation are the basic unit for shaping the destiny of the masses and that the popular masses must firmly maintain the Juche character and national character of the revolution and construction in order to shape their destiny independently.

The Juche idea has scientifically proved that the process of nations development in carrying out the socialist cause is not a process of one nation being assimilated to another nation or being merged into another, but a process of each natio developing into a civilized and powerful nation and steadily expanding and advancing cooperation and ties among different nations on the principle of complete equality and voluntary will while leading their own lives and making history with freedom. On the basis of the elucidation of the independent nature of the socialist cause and the socio-historical conditions of its implementation, the Juche idea has defined the maintenance of the Juche character and national character as the fundamental principle that must be adhered to in the whole course of building socialism. The Juche idea has linked socialism and nations to the same destiny for the first time, and guaranteed the possibility for countries and nations to achieve lasting prosperity in step with the victorious advance of socialist construction. By introducing the Juche idea and advancing the theory of maintaining the Juche character and national character, the great leader Comrade Kim Il Sung provided absolutely correct guidelines for leading the socialist cause as the genuine cause of independence for the popular masses, as the cause of countries and nations. This is an imperishable achievement he made in the history of human thought.

Our Party and our people, holding high the banner of the Juche idea, have smashed all kinds of machinations of the imperialists and opportunists in the struggle for the independence and sovereignty of the country and for socialism, resolutely defended and embodied Juche character and national character. In the course of this we have registered brilliant successes and accumulated valuable experiences. Our Party and our people have regarded the adherence to the Juche character as the basic principle of the revolution and construction and always subordinated everything to the destiny of our revolution and our nation and found solutions to all problems by centring on this matter, thus pioneering an untrodden path of revolution and construction in an independent and creative way.

Rock-solidly united around the great leader Comrade Kim Il Sung, the Party and people categorically rejected and frustrated the great- power chauvinism which stood in the way of our revolution. This was of special importance in defending the interests and dignity of our nation and adhering to the Juche standpoint in the revolution and construction. In the past the great-power chauvinists slandered the maintenance of Juche by our Party and people in the revolution and construction as nationalism and isolationism and exerted pressure upon us. However, we fought them without compromise in order to save the destiny of the country, nation and socialism. Even when they were deprived of their country and had to fight the arduous revolutionary war in a foreign land against the Japanese, the Korean communists established Juche to the letter with an unshakable standpoint and attitude that they were the masters of the Korean revolution.

During the difficult years of post-war rehabilitation and socialist construction, they also resolutely rejected the pressure and arbitrariness of the great-power chauvinists who meddled in our internal affairs and forced an integrated economy. If the Korean communists had not maintained their own lines and conviction that the Korean revolutionaries should carry out the Korean revolution, they would have failed to liberate their country.

(to be continued...)

ओलीले...

नीति तथा कार्यक्रममामाथि बोल्ने क्रममा ओलीले भने, 'महत्वपूर्ण कुरा के देखिन्छ भने ऐतिहासिक सन्धि, नक्सा, तथ्य र प्रमाणका आधारमा कूटनीतिक माध्यमबाट सीमा सम्बन्धमा बाँकी रहेका विषय समाधान गरिनेछ । शरम लाग्छ, योभन्दा कायरता के हुन्छ ?'

आफ्नो नेतृत्वको सरकारले भारतले मिचेको भूमिलाई नेपालको नक्सामा राखेको स्मरण गर्दै ओलीले अहिलेको सरकारबाट जवाफ मागेका हुन् । 'लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको हो को कि होइन ? प्रधानमन्त्रीज्यूबाट जवाफ स्पष्ट भाषामा हामी चाहन्छौं । सदनले चाहन्छ, प्रतिपक्षले चाहन्छ, नेपाली जनताले चाहन्छ,' उनले सोधे, 'नेपालको भूमि नेपालको हो भन्न सक्नुहुन्न भने, यो फिर्ता ल्याउने प्रयास गर्छु भन्न सक्नुहुन्न भने, सरकारको नेतृत्व गर्ने भनेको के हो ? गर्न केही पनि सक्नुहुन्न, राष्ट्रिय हितको रक्षा गर्न सक्नुहुन्न, भूमिको रक्षा गर्न सक्नुहुन्न, अखण्डताको रक्षा गर्न सक्नुहुन्न, आफ्नो भूमिलाई आफ्नो भूमि भन्न सक्नुहुन्न अनि के हो सरकारको नेतृत्व भनेको ? नेतृत्वविहीन भएन सरकार ? प्रतिपक्षले नेतृत्व लिनुपर्ने राष्ट्रिय हितको ? भौगोलिक अखण्डताको जिम्मेवारी प्रतिपक्षको जिम्मा हो ? सरकारले केही गर्नु पर्दैन ? जवाफ चाहिन्छ ।'

सरकार राष्ट्रिय हितलाई केन्द्रमा राखेर अगाडि नबढेको ओलीको भनाइ थियो । सरकारले मित्रराष्ट्रसँगको सम्बन्ध थप प्रगाढ बनाउने भनेको तर व्यवहारमा 'कोल्टे' देखिएको ओलीको आरोप थियो ।

सार्वजनिक...

दुई दशमलव एक प्रतिशत र तराईको सडकमा सञ्चालन हुने मालवाहक सवारीसाधनमा तीन प्रतिशत भाडा बढाइएको छ ।.वैज्ञानिक भाडा समायोजन प्रणालीमा इन्धनको मूल्य पाँच प्रतिशत वा सोभन्दा बढीले घटेमा वा बढेमा स्वचालित रुपमा भाडादर परिवर्तन हुने उल्लेख छ । पछिल्लो पटक यही जेठ ४ गते भाडादर समायोजन गरिएको थियो । त्यतिबेला डिजेलको मूल्य रु १५३ रहेकामा हाल रु १६३ कायम भएको छ ।

सरकारको...

देशलाई भड्खारोमा पार्ने अवस्थामा त कतै यो नीति तथा कार्यक्रम आएको होइन भन्ने संशय उब्जेको छ, जुन देशको स्वतन्त्रताको लागि राम्रो लक्षण होइन ।

वार्षिक नीति तथा कार्यक्रम भनेको त्यो अवधीभित्र अवलम्वन एवं सम्पन्न गरिने कामको सूची हो । तर अहिले सम्म यो सूचि व्यवाहारमा कार्यान्वयन भएको देखिन्न । नीति तथा कार्यक्रममा वर्षौदेखि एउटै कुरा दाहोरिँदै आएका छन् । पुरानै नीति तथा कार्यक्रममा मिति तथा केही सन्दर्भहरू हेरफेर गरी बाचन गर्ने सिलसिला अहिले पनि जारी छ । जसका कारण हरेक वर्ष नीति तथा कार्यक्रम बक्तव्य लामो हुँदै जानेगरेको छ । यस पटक त ६६ पृष्ठ पुगिसकेको छ ।

जनताले बुझ्नै नसक्ने, सुन्दा पनि अल्छी लाग्ने गुदी हिन नीति तथा कार्यक्रम प्रस्तुत गरिनु भनेको समयको नास मात्रै हो । नीति तथा कार्यक्रम लम्वेतान बनाइँदा केही राम्रा कुराहरू समेत ओझेलमा परेका छन् , अपरिहार्य कुराहरू के के छुटेका छन् ? त्यसको भेउ पाउन सकिने अवस्था नै रहेन । मुख्य मुख्य बुँदा समेटेर एक-डेढ घण्टामै पढेर सिद्धिने खालको नीति तथा कार्यक्रम लेख्न सक्ने विज्ञहरू हाम्रो मुलुकमा छैनन् ? यस्ता विकृतिहरू सुधार कहिले हुने ?

यतिबेला मुलुकको आर्थिक अवस्था अत्यन्त चौपट छ । एक त कोभिडका कारण थला परेको छ, अर्को कुरा अन्तर्राष्ट्रिय परिस्थितिका कारण पनि कम्तिमा पनि अबको एक वर्ष नेपालले आर्थिक संकट बेहोर्नु पर्ने निश्चित छ । त्यसमाथि पनि अगामी मंसिरभित्र प्रदेश सभा र प्रतिनिधिसभाको निर्वाचन गराउनु पर्दा ठूलो खर्च हुने अवस्था छ । तर नीति तथा कार्यक्रममा यो यथार्थताप्रति सरकार बेखवर छ कि जस्तो देखिएको छ । यति मात्रै होइन मुलुक संघीयतामा गइसकेपछिका केही धरातलीय यथार्थताहरूमा समेत सरकार बेखवर छ कि भन्ने शंका नीति तथा कार्यक्रममा उल्लेखित केही बुँदाले उत्पन्न गराएको छ । उदाहरणका लागि राष्ट्रिय गौरव र रणनीतिक बाहेकका आयोजना प्रदेशलाई हस्तान्तरण गर्ने भनिएको छ । जुन कुरा संविधानको मर्मले नै निर्दिष्ट गरेको छ ।

घरजग्गा कारोबार विशिष्टीकृत संस्थाबाट मात्रै गराउने भनिएको छ । यो त सरासर दलाल पोस्ने प्रपन्च हो । घर जग्गाको कारोबारलाई प्रोत्साहन गर्नु अर्थतन्त्रका लागि ठूलो घात हो भन्ने यथार्थता सरकारले नबुझेको देखिएको छ । यसैगरी काठमाडौं उपत्यकामा नयाँ सहर विस्तार गर्ने भनिएको छ । यो त सरकारको उल्टो मति, उल्टो गति हो । अब नयाँ सहर विस्तार गर्ने भनेको काठमाडौं उपत्याकामा होइन, उपत्यका बाहिर हो भन्ने यथार्थता सरकारले नबुझेको देखियो । एक वर्षमा ८ सय किलोमिटर सडक विस्तार गर्ने कुरा नीति तथा कार्यक्रममा उल्लेख छ । यस्तो गतिले मुलुकको आर्थिक विकास कसरी सम्भव हुन्छ ?

सरकारको नीति तथा कार्यक्रममा प्रधानमन्त्री शेरबहादुर देउवाको गृह जिल्ला डडेलधुरामा मेडिकल कलेज स्थापना गर्ने भनिएको छ । हरेक प्रदेशमा दुई वटा सरकारी मेडिकल कलेज हुनु नराम्रो होइन, तर कुन प्रदेशको जनसंख्या कति छ भन्ने ख्याल गर्नु पर्दैन ? विद्यार्थीहरू अध्ययन गर्न विदेश जाने नाममा वार्षिक ४३ अर्ब रुपैंया विदेसिने गरेको आँकडा छ, तर त्यसलाई कसरी रोक्ने ? भन्ने कुरा नीति तथा कार्याक्रममा उल्लेख छैन । सँधैजसो हुने रासायनिक मल अभावलाई संवोधन गर्ने ठोस कार्यक्रम छैन । रासायनिक मल उत्पादन कारखाना स्थापना गर्ने सरकारले घोषणा जनताले पत्याउन छाडिसकेका छन् । प्रांगारिक मलमा रासायनिक मलमा दिएकै अनुपातमा अनुदान उपलब्ध गराइने घोषणा गरिएको छ । के यो कुरा व्यावहारिक रुपमा सम्भव हुन्छ ? प्राङ्गारिक मलको परिभाषासमेत थाहा नपाउनेहरूलाई नीति तथा कार्यक्रम लेखनमा सहभागी गराइएको पुष्टि हुन्छ । धान, मकै, गहुँ, कोदो आयात प्रतिस्थापन गर्न ठोस कार्यक्रम छैन ।

भारतले...

सरकारलाई दबाब महसुस नहुने टिप्पणी गरे । 'भारत सरकारको नजरमा यो एउटा अध्ययन कार्यदल हो । इपिजी प्रतिवेदन सार्वजनिक भएको अवस्थामा यसले सार्वजनिक ध्यानाकर्षण त गराउला,' नायकले दिल्लीबाट टेलिफोनमा भने, 'इपिजी नेपाल संयोजकको विज्ञप्तिले भारतलाई कुनै पनि प्रकारको दबाब महसुस हुने छैन । त्यस्तो हुन्थ्यो भने चार वर्षसम्म प्रतिवेदन नबुझ्ने कुरा हुने थिएन ।' उनको विश्लेषणमा भारतले इपिजी प्रतिवेदनलाई रेस्पोन्स गर्ने सम्भावना छैन । 'नेपाली सञ्चारमाध्यमले चार वर्षदेखि सार्वजनिक बहसमा इपिजीको प्रतिवेदनलाई ल्याइरहेका छन् । दबाब त्यसले पनि दिएको छ,' नायकले भने, 'त्यसकारण चार वर्षपछि आएर इपिजी प्रतिवेदनको अब औचित्य म देख्दिनँ । भारत यो इस्युलाई रिओपन गर्न चाहँदैन ।'

चार वर्षअघि ०७५ असार १५ र १६ मा इपिजीको अन्तिम (नवौं) बैठक बसेर एक महिनाभित्र प्रतिवेदन बुझाउने तयारी थियो । तर, भारतीय प्रधानमन्त्रीले इपिजीका विषयमा चासो नदिँदा प्रतिवेदन परराष्ट्र मन्त्रालयको दराजमा थन्किएको छ । इपिजी भारततर्फका संयोजक भगतसिंह कोस्यारी (हाल महाराष्ट्रका गभर्नर)लाई मोदीसँग समय मिलाउने जिम्मा इपिजी सदस्यहरूको बैठकले दिएको थियो । इपिजी नेपाल संयोजक थापा कोस्यारीसँग सम्पर्कमा छन् । कोस्यारीले चार वर्षदेखि इपिजी प्रतिवेदन भारतीय प्रधानमन्त्री मोदीले बुझ्ने भन्दै आएका छन् । थापा र कोस्यारीसँग प्रतिवेदनका केही कपी सरकारलाई बुझाउन सुरक्षित छन् । हाल महाराष्ट्रका गभर्नर रहेका कोस्यारी र थापाबीच पछिल्लो समयमा टेलिफोन संवाद पनि पातलिएको छ, भारतमा दुईजना विदेशसचिवको कार्यकाल सकेर तेस्रो सचिव आएका छन् । इपिजीको पहिलो बैठक ०७३ असार २० र २१ मा काठमाडौंमा भएको थियो भने अन्तिम बैठक पनि काठमाडौंमै भएको थियो । बैठकको पहिलो एजेन्डा १९५० को नेपाल-भारत सन्धि परिमार्जन थियो । नौवटा बैठकमा सबैभन्दा बढी चर्चा र बहस सन्धि परिमार्जनमा भएको थियो । पहिलो बैठक नेपालमा भएकाले प्रतिवेदन सुरुमा भारतीय प्रधामन्त्रीलाई बुझाउने निर्णय भएको थियो ।

एउटै पक्ष भएर छलफल गर्ने भनिए पनि इपिजीमा नेपाल र भारत पक्षबीच १९५० को सन्धि प्रतिस्थापन र नेपाल-भारत खुला सीमा नियमनबारे पछिसम्म साझा धारणा बन्न सकेको थिएन । २९ र ३० चैत ०७४ मा दिल्लीमा बसेको इपिजीको आठौं बैठकमा १९५० को सन्धि र नेपाल-भारत सीमा नियमनको विषयमा आठ घन्टाभन्दा लामो छलफल भएको थियो । तर, त्यसवेला सहमति जुटेन । नवौं बैठकमा सैद्धान्तिक सहमति जुटेपछि त्यसैलाई लिपिबद्ध गरिएको थियो । जानकारहरूका अनुसार अन्तिम बैठकको माइन्युटमा सबै सदस्यले हस्ताक्षर गरेका छन् । तर, प्रतिवेदनको कुनै पनि पेजमा सदस्यहरूको हस्ताक्षर छैन ।

दुई देशबीच विगतमा भएका सबै सहमति, सम्झौता र व्यवस्थापनको पुनरावलोकन गर्ने र २१औं शताब्दीको विकसित परिप्रेक्ष्यको आवश्यकताका आधारमा दुवै सरकारलाई सिफारिस गर्ने, दुई देशबीच आपसी विश्वास, सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक सम्बन्ध थप मजबुत बनाउन आवश्यक उपायहरूको सिफारिस गर्ने, यो शताब्दीमा दुई देशबीच थप सुदृढ सम्बन्धका निम्ति आवश्यक संस्थागत संयन्त्र/ढाँचा सिफारिस गर्ने, शान्ति, समृद्धि, हार्दिकता अभिवृद्धि गर्दै सीमापार अपराध निर्मूलीकरणका निम्ति उपाय सिफारिस गर्ने, दुई देशबीच मित्रता प्रवर्द्धन र सुदृढीकरणका लागि आवश्यक अन्य क्षेत्र सिफारिस गर्ने इपिजीका मुख्य कार्यादेश रहेका थिए ।

बढ्दै...

६ हजार चार सय ४५ बालिका छन् । यो दर ६३.६१ प्रतिशत हो । प्रहरी प्रवक्ता एसएसपी विष्णुकुमार केसी बलात्कृत हुने बढिरहेको बताउँछन् ।

'देशभर बलात्कारका घटना बढेको देखिन्छ । यस्ता घटनामा सबैभन्दा धेरै बालिका पीडित छन् । अपरिपक्व मनोविज्ञान हुने बालिकाहरूलाई ललाइफकाई प्रभावमा पार्न सजिलो हुने, डर र धाकधम्कीबाट पनि वशमा पार्न सक्ने भएकाले यस्ता घटनामा बालिका धेरै पीडित हुने गरेको देखिन्छ,' उनले भने । ३६ प्रतिशत पीडित १९ वर्षमाथिका छन् । बाँकी अन्य समूहका रहेको प्रहरीको तथ्यांकले देखाउँछ ।

महिला तथा बालबालिकामाथि हुने बलात्कार तथा हिंसाविरुद्ध देशभर विभिन्न अभियान सञ्चालन हुँदै आएका छन्। तर, पीडकको दबाबलगायत डर-त्रासका कारण समयमै पीडितले उजुर गर्न नसक्नु, एक वर्षपछि जाहेरीका लागि हदम्याद नै सकिने कानुनी व्यवस्थाका कारण आपराधिक सोच भएकाको मनोबल बढ्ने गरेको छ । घटना सार्वजनिक भए पनि राजनीतिक पहुँचका आधारमा सजिलै उन्मुक्ति पाउने गरेका छन्। यसकारण बलात्कारका घटना बढिरहेका छन् ।

५ नेपाली...

चार हजारभन्दा बढी उम्मेदवारहरूले आवेदन दिएका थिए । यसबाट जम्मा तीन सय जना छनौट गरिएको थियो । सोही तीन सय जनाबाट ३० वर्ष मुनिका ३० जना उद्यमी, सामाजिक काममा सक्रिय, नेतृत्वदायी र समाजमा सकारात्मक भूमिका निर्वाह गरेका युवाहरू फोर्ब्सको '३० अन्डर ३० एसिया' मा चुनिएका हुन् ।

इनग्रेल नेपालका सह-संस्थापक २९ वर्षीय सुजित पाठक 'कन्जुमर टेक्नोलोजी' विधामा सूचीकृत भएका हुन् । सुमित दाहाल नासा गोडार्ड स्पेस फ्लाइट सेन्टरका प्रयोगात्मक एस्ट्रोफिजिसिस्ट र पोस्टडक्टरल हुन् । २७ वर्षीय सुमितले ब्रह्माण्डको उत्पत्ति र विकासको अध्ययनका लागि टेलिस्कोपहरू निर्माण गरिरहेका छन् । उनले चिलीको अटाकामा मरूभूमिमा ब्रह्माण्डको प्रारम्भिक क्षणका माइक्रोवेबका अवशेषहरू अध्ययनका लागि तीनवटा माइक्रोवेब टेलिस्कोप तयार पारेका छन् । सुमितले जोन्स हप्किन्स विश्वविद्यालयबाट एस्ट्रोफिजिक्समा पिएचडी गरेका छन् । न्यूयोर्क विश्वविद्यालय आवुधाबीबाट भौतिकशास्त्र र गणितमा स्नातक सकेका छन् । उनको नाम 'हेल्थ एन्ड साइन्स' अर्थात् स्वास्थ र विज्ञान विधामा परेको हो ।

पुतली नेपालकी संस्थापक बोर्ड अध्यक्ष २८ वर्षीया ऐश्वर्या रानी सिंह 'सोसल इम्प्याक्ट' अर्थात सामाजिक प्रभाव विधामा सूचीकृत भएकी हुन् । यो संस्थाले आफैं बनाएर मेन्स्ट्रअल कप र मेन्स्ट्रपेडिक कमिकहरू बिक्री गर्दैछ । 'रिटेल एन्ड इ-कमर्स' विधामा सूचीकृत निरज काफ्ले र सन्तोष पाण्डे अफरिङ ह्यापिनेसका सह-संस्थापकहरू हुन् । २८ वर्षीय निरज र २५ वर्षीय सन्तोषले सन् २०१७ मा अफरिङ ह्यापिनेस सञ्चालनमा ल्याएका हुन् । 'अफरिङ ह्यापिनेस' ले उपहार र सरप्राइज प्याकेज डेलिभरी गरेर खुसी बाँड्छ । यसमार्फत् ग्राहकले उपहार, भ्रमण, डिनरदेखि विभिन्न सेवाका प्याकेज आफ्ना प्रियजनलाई दिन सक्छन् ।

नेपाल-भारत...

माध्यममार्फत जिम्मेवारीपूर्ण रूपमा सम्बोधन गर्नुपर्छ भनेर आमसमझदारी भयो । हाम्रो निकट र मैत्री सम्बन्धको भावनामा सीमा विवाद समाधान गर्नुपर्छ, यस्ता विषयलाई राजनीतीकरण गर्नु हुन्न ।' शृंगलाले अझ थपेका थिए- 'दुई मुलुकले समस्या समाधानका लागि मित्रवत् बाटो खोज्नेमा शंका गर्नुपर्ने ठाउँ छैन, दुई छिमेकी मित्रराष्ट्रबीचको महत्वपूर्ण पक्ष भनेको आपसमा छलफल गरेर समस्या समाधान गर्न सक्नु नै हो । हामीले यसरी नै बंगलादेशसँग सीमा समस्या समाधान गरेका छौं । नेपालसँग पनि हाम्रा केही सम्बन्ध छन् । यस विषयलाई अघि बढाउन जिम्मेवार छलफल र वार्ताका लागि हामी गम्भीर छौं ।'

भारतीय विदेशसचिवको मनसाय : सीमा सम्बन्धमा प्रधानमन्त्री मोदीले केही नबोले पनि भारतीय विदेश सचिवको भनाइभित्र लुकेको मनसायको विश्लेषण गर्ने हो भने सीमा समस्या वार्ताको माध्यमबाटै समाधान हुन्छ, तर वार्ता गर्ने पदाधिकारी जिम्मेवारपूर्ण स्तरको रहनुपर्छ । सयौं वर्षदेखि रहेको भारत-नेपाल सम्बन्धलाई सीमा मामिलाले खलल पुऱ्याउनु हुँदैन । सीमा विवादको विषयलाई राजनीतिक मुद्दामा परिणत गर्नुहुन्न भन्ने उनको आशय रहेको बुझिन्छ । साथै, उनले कालापानी, सुस्ताजस्ता सीमा मामिला समाधानका सम्बन्धमा मित्रताको बाटो पहिल्याउनुपर्छ । उनको भनाइको आशय हामीले आपसी संवाद गरेर नै सीमा समस्या समाधान गर्न सक्नुपर्छ भन्ने नै हो । साथै, हामीले बंगलादेशसँग सीमा समस्या समाधान गऱ्यौं, नेपालसँग पनि त्यसरी नै सीमा समस्या समाधान गर्न सकिन्छ, तर वार्तालाई अघि बढाउन जिम्मेवार अधिकारसम्पन्न संयन्त्रबीच गम्भीर रूपले छलफल हुनुपर्छ भन्नेमा उनको विशेष जोड रहेको बिर्सिन मिल्दैन ।

भारत-बंगलादेश सीमा सम्झौता : भारतीय विदेश सचिवले औंल्याएको भारत-बंगलादेश सीमा समस्या कसरी समाधान गरियो भन्ने सम्बन्धमा उल्लेख गर्नुपर्दा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले २०७२ जेठ २३ मा गरेको बंगलादेशको यात्राका क्रममा भारत र बंगलादेशबीच जमिन सीमा सम्झौता भएको थियो । यस सम्झौताअन्तर्गत दुवै देशबीच सीमा विवादमा रहेको 'इनक्लेभ (एक-अर्काको विदेशी भूमि परिवेष्टित जमिन)' सट्टापट्टा गरिएको थियो । भारतीय सीमाक्षेत्रभित्र ३४ हजार जनसंख्या रहेको १११ वटा इनक्लेभको ६ हजार नौ सय ५० हेक्टर क्षेत्रफलको भूमि बंगलादेशलाई सुम्पिइएको थियो । बंगलादेशको सीमाभित्र १७ हजार जनसंख्या रहेको ५१ वटा इनक्लेभको दुई हजार आठ सय ८० हेक्टर जमिन सट्टापट्टास्वरूप भारतलाई हस्तान्तरण गरिएको थियो ।

कालापानी क्षेत्र नेपालले भारतलाई छाड्नुपर्ने भए काँकडभिट्टादेखि भारतको सिलिगुडी, विधाननगर, च्याङलाबन्धा हुँदै बंगलादेशको दिनाजपुर जिल्लाको पाँचगढ छुने त्यत्तिकै क्षेत्रफलको भूभाग नेपालले पाउने कार्यविधि बनाउन सकियो भने मोदीले बंगलादेशमा उद्गार गरेजस्तै भारत र नेपालबीच रहेको कालापानीरूपी मामिलाको 'अर्को बर्लिन पर्खाल' भत्किने थियो

यस सम्झौतालाई मोदीले 'बर्लिन पर्खाल भत्काइएको' संज्ञा दिएका थिए भने बंगलादेशी प्रधानमन्त्री सेख हसिना वाजेदले ६८ वर्ष पुरानो सीमावर्ती मानव परोपकारी समस्या शान्तिपूर्ण तरिकाले समाधान भएको बताएकी थिइन् । पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले ऐतिहासिक सम्झौतामा आफू साक्षी हुन पाउँदा गौरवान्वित भएको बताएकी थिइन् ।

यहाँ कोट्याउन खोजिएको कुरोचाहिँ के हो भने भारत-बंगलादेशबीच जमिन सट्टापट्टा अर्थात् लेनदेन गरिएजस्तै भारतले नेपालको अतिक्रमण गरेको लिम्पियाधुरा-कालापानी-लिपुलेक क्षेत्र भारतको भूमिसँग साटासाट गर्ने प्रस्ताव राख्न खोजेको हो कि ! दुई देशबीच सीमा संवाद भइहाल्यो भने त्यस क्रममा यदि भारतले यस्तो प्रस्ताव राख्यो भने नेपालले के भन्ने ? यसमा नेपालको सीमा रणनीति के-कस्तो हुनुपर्छ भन्ने कुरो मननीय र संवेदनशील छ ।

नेपाल-भारत जमिन सट्टापट्टाका दृष्टान्त : नेपाल र ब्रिटिसकालीन भारतबीच जमिन सट्टापट्टा गरिएका उदाहरण छन् । हाल कञ्चनपुरको शारदा ब्यारेज बनाइएको चार हजार १३० एकड भूमि सन् १९२० मा नेपालले भारतलाई दिएको थियो । भारतले त्यसको सट्टा बर्दियाको राजापुर र दाङको कोइलावास क्षेत्रमा गरी चार हजार ९३ एकड जमिन नेपाललाई दिएको थियो । यसअनुसार ३७ एकड जमिन नेपालले फिर्ता पाउन बाँकी नै छ । यस्तै, नेपाल र चीनबीच सन् १९६२ मा १८३६ वर्गकिलोमिटर भूमि नेपालले चीनलाई दिएको थियो भने चीनले दुई हजार १३९ वर्गकिमि क्षेत्रफलको जमिन नेपाललाई दिई ३०३ वर्गकिमि जमिन नेपालले बढी पाएको थियो ।

लिपुलेकदेखि नाभिडाङ, कालापानी (तिल्सी), गुन्जी, नाभी, कुटी, जोलिङकाङ र लिम्पियाधुरासम्म रहेको क्षेत्रको आफ्नो सार्वभौमिकता भएको भारतद्वारा अतिक्रमित भूमिबाट नेपालले उपयोग गरी फाइदा लिन नसकेकाले विगतमा नेपाल-भारत र नेपाल-चीनबीच जमिन सट्टापट्टा गरिएको दृष्टान्तलाई लिएर र भारत-बंगलादेशबीच इनक्लेभका जमिन लेनदेन गरिएका उपमा दृष्टिगत गरेर १६१ आवासीय घरधुरीमा करिब ९०० जनसंख्या रहेको तीन सय ७२ वर्गकिमि कालापानी क्षेत्र नेपालले भारतलाई दिँदै काँकडभिट्टा पूर्वदेखि भारतको सिलिगुडी, विधाननगर, च्याङलाबन्धा हुँदै बंगलादेश दिनाजपुर जिल्लाको पाँचगढ छुने त्यत्तिकै क्षेत्रफल र उपयोगिताको भूभाग नेपालले लिने कार्यविधि भए भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बंगलादेशमा उद्‌गार गरेको भाषाजस्तै भारत र नेपालबीच रहेको कालापानीरूपी मामिलाको 'अर्को बर्लिन पर्खाल' भत्किने थियो । यसबाट नेपालको सिमाना बंगलादेशसम्म पुग्ने थियो । नेपालले बंगलादेशको मंगला बन्दरगाह उपयोग गर्न पाई समुद्रपारबाट कम लागतमा सरसामान आयात निर्यात हुन सक्ने थियो । ढुवानी खर्च बचत हुने र नेपालको सिमानाले तेस्रो देश छुने थियो ।

यसबाट नेपाल र भारतबीचको कालापानीसम्बन्धी सीमा संवाद 'विन-विन सिचुएसन'मा हल हुन पुग्ने थियो । यसमा मतभिन्नता हुन सक्छ । भारतीय भूमि दुई टुक्रा हुने भयो भन्ने दलील पनि आउन सक्छ । यस प्रसंगमा २३ वर्षसम्म एउटै राष्ट्र पाकिस्तान र पूर्वी पाकिस्तान दुई हजार दुई सय किलोमिटर टाढा रहेका थिए भन्ने दृष्टान्त पनि आउँछन्। तर, यसका लागि सर्वसाधारणसम्मको स्तरमा समेत व्यापक छलफल गरी नेपाल एकमतमा पुग्ने राष्ट्रिय दृष्टिकोणको आवश्यकता पर्छ ।

सीमा समाधानको सिद्धान्त : अन्तर्राष्ट्रिय सीमा सिद्धान्तमा दुई देशबीचका सीमा मामिला समाधान गर्ने केही वैकल्पिक व्यवस्था पनि रहेका छन्। प्रथमतः आपसी संवाद, छलफल, कुराकानी, नेगोसियसन नै सबैभन्दा सरल विकल्प हो । दोस्रो, निश्चित समयावधिका लागि 'लिज'मा दिने लिने । तेस्रो, मध्यस्थताको माध्यम । चौथो, संयुक्त राष्ट्रसंघको कार्टोग्राफिक (जियोइन्फरमेटिक्स) डिभिजनमार्फत समावेदन । पाँचौं तथा अन्तिम, अन्तर्राष्ट्रिय न्यायिक अदालत जाने । भारतीय विदेश सचिवले औंल्याउन खोजेकोचाहिँ नेगोसिएसन नै हुनुपर्छ । तर, नेपालले कहिल्यै पनि बिर्सनुहुँदैन, कालापानी मामिला समाधानबारे नेगोसिएसन गर्दा पुराना नक्सा, ऐतिहासिक दस्तावेज र कागजातअनुसार काली-महाकाली नदीको मुहान लिम्पियाधुरा हो, यो नेपालको सम्प्रभुताभित्रको भूमि हो भन्दै सधैंको लागि मुद्दाको छिनोफानो गरिनुपर्छ ।

सुस्ता सीमा अतिक्रमणबारे आधिकारिक नक्सा दस्तावेज नभेटिए दुवै देशले दाबा-विरोध गरेको समुचा क्षेत्रको संयुक्त नक्सांकन तयार गर्नु समस्या समाधानको उपाय हो । एउटै टेबलमा बसी तयारी नक्साउपर आपसी छलफल गरेर सन् १८१६ मा सुगौली सन्धि गरिएका समयमा नारायणी नदी बगेको धार पहिचान गर्दै नदीको दायाँ-बायाँ जंगेखम्बा ठोकी समस्या निराकरण गरिनु प्राविधिक दृष्टिकोणले उपयुक्त हुन सक्छ ।

अन्त्यमा : प्रधानमन्त्री देउवाको भारत भ्रमणका दौरानमा गत दुई वर्षदेखि बन्द भएको नेपाल-भारत सीमा संवादको ढोका खुल्न सकेन । केही मात्रामा ढोका खोलिएको भए लिपुलेक-कालापानी-लिम्पियाधुरा, सुस्तापर्यन्त थाती रहेका सीमा मामिलामा कसरी जाने भन्ने मोडालिटीमा द्विपक्षीय संवाद, छलफल, कुराकानी थालिने थियो । यसबाट भ्रमणलाई सकारात्मक रूपमा हेर्न सकिने थियो । तर, यतिका दिन बितिसक्दा पनि संवादको थालनी हुन नसकेकाले प्रधानमन्त्रीको भारत भ्रमण सकारात्मक भयो भन्ने अवस्था छैन ।

सीमा विवाद समाधानमा निश्चय नै कूटनीतिक कौशल, परिपक्वता, चातुर्य र चाप्लुसीपूर्ण ढंगबाट अघि बढ्नु आवश्यक छ । वार्ताको ढोकाभित्र पसेर निस्किएपछि पछुताउनु नपर्ने तरिका के-कस्तो अवलम्बन गर्नु आवश्यक पर्छ भन्ने पक्ष महत्वपूर्ण रहेको छ । यसका लागि प्रशस्त आन्तरिक छलफल र सशक्त गृहकार्य आवश्यक पर्ने तथ्य नेपालले पटक्कै बिर्सिनुहुँदैन ।

समयमा...

चुनावले पनि ढिलाइ हुन पुग्यो,' उनले थपे, 'अहिले कागज आइसकेको छ, धमाधम पुस्तक छपाइ थालेका छौं ।' असार पहिलो सातासम्म छापिसक्ने झाले प्रतिबद्धता जनाए ।

एक महिनाभित्र पुस्तक छापिसक्न र छापिएका पुस्तक तत्काल विद्यार्थीसम्म पुऱ्याउन निर्देशन दिएको समिति सभापति जयपुरी घर्तीले जानकारी दिइन् । जनक शिक्षाले दैनिक ८० हजार र प्रज्ञा प्रतिष्ठानले २५ हजार गरेर असार पहिलो सातासम्म छपाइ सकिने केन्द्रका प्रबन्ध निर्देशक झाले बताए । निजी मुद्रक व्यवसायीहरूले पाठ्यपुस्तक छपाइको काम सरकारले खोसेको गुनासो गरिरहेका बेला सांसदहरूले निजी छापाखानालाई पनि पुस्तक छाप्न दिनुपर्ने बताएका हुन् । छलफलमा मन्त्रालयका प्रवक्ता दीपक शर्मा, पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक अणप्रसाद न्यौपाने पनि सहभागी थिए ।

मूल्यवृद्धिविरुद्ध...

साइकल र्‍याली गर्ने विद्यार्थीको कार्यक्रम छ । मूल्यवृद्धिविरुद्ध सत्ता र प्रतिपक्षका सबै विद्यार्थी संगठन एकजुट भएका छन् । अनेरास्ववियु, नेविसंघ, अखिल क्रान्तिकारी, अखिल छैटौं, समाजवादी विद्यार्थी युनियन, राष्ट्रिय विद्यार्थी संघका नेताहरूले सँगसँगै विरोधका कार्यक्रम अघि सारेका छन् । यातायातको भाडादर बढ्ने र ढुवानी शुल्क बढेपछि दैनिक उपभोग्य वस्तुको मूल्यसमेत अकासिने डर देखिएको भन्दै सर्वसाधारण डराइरहेका छन् । छोटो समयमा पेट्रोलियममा पटक-पटक मूल्यवृद्धि भएको भन्दै विभिन्न संघसंस्था, नागरिक समाज, विद्यार्थी संगठनलगायतले विरोध गरेका छन् ।

यसैबीच पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएपछि पर्सा वीरगञ्जका खुद्रा ढुवानी व्यवसायीले सम्पूर्ण ढुवानी सेवा बन्द गरेका छन् । ढुवानी व्यवसायी संघ वीरगञ्जका अनुसार पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको प्रत्यक्ष प्रभाव ढुवानी व्यवसायीलाई परेको भन्दै उनीहरूले ढुवानी सेवा बन्द गरेका हुन् । पेट्रोलियम पदार्थमा अत्यधिक मूल्यवृद्धि भए पनि ढुवानी भाडामा वृद्धि नभएकाले तत्कालका लागि सबै प्रकारका ढुवानी सेवा बन्द गरिएको संघका उपाध्यक्ष प्रविनकुमार कर्णले जानकारी दिए ।

मासिक...

कच्चा भटमास तेल, ३४ अर्ब ७४ करोड ४२ लाख ५७ हजार रुपैयाँको कच्चा पाम तेल र १७ अर्ब ३८ करोड ३४ लाख ४३ हजार रुपैयाँको कच्चा सनफ्लावर तेल नेपाल भित्रिएको छ ।

अर्जेन्टिना, ब्राजिल, इजिप्ट, इटाली, पराग्वे, रुस, युक्रेन, उरुग्वे, इन्डोनेसिया, मलेसिया र फिलिपिन्स गरी ११ देशबाट कच्चा भटमास, पाम र सनफ्लावर तेल आउने गरेको छ । बितेका दश महिनामा अर्जेन्टिनाबाट मात्र ३२ अर्ब ६६ करोड ४७ लाख १४ हजार रुपैयाँको कच्चा भटमास तेल र ४६ करोड ३९ लाख ९९ हजार रुपैयाँको कच्चा सनफ्लवार तेल नेपाल आएको छ । सोही अवधिमा इन्डोनेसियाबाट २८ अर्ब २९ करोड ८९ लाख ७५ हजार रुपैयाँको कच्चा पाम तेल, युक्रेनबाट १५ अर्ब २१ करोड ६३ लाख ८५ हजार रुपैयाँका कच्चा भटमास र सनफ्लवार तेल, ब्राजिलबाट १० अर्ब ९ करोड ८५ लाख ३० हजार रुपैयाँको कच्चा भटमास तेल र मलेसियाबाट ६ अर्ब ३३ करोड १२ लाख ८१ हजार रुपैयाँको कच्चा पाम तेल नेपालले आयात गरेको छ ।

नेपालले विभिन्न देशबाट कच्चा तेल ल्याई त्यसलाई प्रशोधन गरी भारतमा पठाउने गरेको छ । चालु आर्थिक वर्षको दश महिनामा नेपालले ८७ अर्ब ५९ करोड ८४ लाख १ हजार रुपैयाँको प्रशोधित भटमास, पाम र सनफ्लावर तेल भारतमा निर्यात गरेको छ ।

सम्झौता...

भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । 'दुवै पक्ष व्यापार, पारवहन, कनेक्टिभिटी, लगानी, स्वास्थ्य, पर्यटन, गरिबी निवारण, विपद् व्यवस्थापन, शिक्षा, संस्कृति, जनस्तरमा सहयोग आदान-प्रदान लगायतका विभिन्न क्षेत्रमा सहयोग प्रवर्द्धन गर्न सहमत भएको छ,' मन्त्रालयले जारी गरेको वक्तव्यमा उल्लेख छ ।

चिनियाँ सहायक विदेशमन्त्री वुले स्वास्थ्य पूर्वाधार सुधारका साथै नेपालका स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्नमा चीनको सहयोग रहिरहने आश्वासन दिएका थिए । 'कोरोना महामारीपछिको सहयोग र साझेदारी अभिवृद्धि गर्न द्विपक्षीय संयन्त्रलाई सक्रिय गर्न दुवै पक्ष सहमत भएका छन्,' मन्त्रालयले भनेको छ, 'चीनको सहयोगमा निर्माणाधीन आयोजना समयमै सम्पन्न गर्नेमा पनि एकमत बनेको छ ।'

नेपालले सन् २०१७ मा हस्ताक्षर गरेको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) अन्तर्गतका कार्यक्रम अघि बढ्न नसकेको पृष्ठभूमिमा दुवै पक्षले उच्चस्तरीय भ्रमणमा समेत जोड दिएका छन् । चिनियाँ विदेशमन्त्री वाङ यीले गत वर्षको चैत ११-१३ सम्म नेपाल भ्रमण गरेका थिए । त्यस क्रममा चिनियाँ पक्षले बीआरआई कार्यान्वयन सम्झौतामा हस्ताक्षर गर्न नेपाललाई आग्रह गरेको थियो । नेपालले भने अनुदान, सहुलियत ऋण र लगानीलाई मात्र स्वीकार गर्ने तर 'व्यावसायिक' ऋण स्वीकार नगर्ने बताएपछि कार्यान्वयन सम्झौता हुन सकेको थिएन । सम्झौता गरिसकेपछि कार्यान्वयनमा कटिबद्ध नरहने प्रवृत्ति औंल्याउँदै चीनले औपचारिक र अनौपचारिक रूपमा नेपालसामु असन्तुष्टि व्यक्त गर्दै आइरहेको छ । नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीले अघिल्लो महिना पत्रकार सम्मेलन गरी बीआरआई अनुदान सहायता नभएको प्रस्ट पारेकी थिइन् । राजदूत होउले बीआरआई अनुदान सहायता नभएको प्रस्ट पारेकी थिइन् । राजदूत होउले बीआरआई सहयोग र सहकार्यको मोडालिटी रहेको बताएकी थिइन् । 'बीआरआई सहयोग र सहकार्यको मोडालिटी हो, जसमा अनुदान र व्यावसायिक ऋण हुन्छ,' उनको भनाइ थियो ।

भारतले...

गत वर्ष ६० लाख मेट्रिक टन (लाख मेट्रिक टन) चिनी निर्यातको लक्ष्य राखेकोमा ७० लाख मेट्रिक टन चिनि निर्यात गरिको थियो । यस वर्ष चीनको सुगर मिलबाट ८२ लाख टन निर्यातको लागि निस्केकोमा ७८ लाख टन निर्यात नै भइसकेको छ । यस वर्षको चिनी निर्यातलाई अहिलेसम्मकै सबैभन्दा बढी मानिएको छ ।

युक्रेनले रुसमाथि आक्रमण गरेको छ, खाद्यान्नको मूल्य आकासिएको छ र विश्वभरका सरकारले अत्यावश्यक वस्तुको मूल्य बढ्न नदिन निर्यातमा प्रतिबन्ध लगाउनुपर्छ । मलेसियाले असार १ गतेदेखि कुखुराको निकासी नियन्त्रण गर्ने भएको छ । इन्डोनेसियाले हालै पाम तेलमा अस्थायी प्रतिबन्ध लगाएको छ । भारतले गहुँ निकासीमा प्रतिबन्ध लगाइएको छ । सर्बिया र काजाकिस्तानले अन्न ढुवानीमा कोटा लगाएको छ।

सरकारले चिनी निकासी रोक्ने योजना निकै खराब देखिएको छ । भारतमा चीनीको आपूर्ति सर्वसुलभ नै छ । भारतीय चिनी मिल संघका अनुसार यो सिजनमा भारतमा ३५ मिलियन टन उत्पादन र २७ मिलियन टनको खपत हुने अपेक्षा गरिएको छ । पछिल्लो सिजनमा करिब ८ दशमलव २ मिलियन टन सिजनको स्टकसहित १६ मिलियन टन अत्यधिक स्टक रहेको छ ।

भारतले सुर्यमुखी र भटमासको कच्चा तेल आयातमा भने भन्सार छुट दिएको छ । दुई वर्ष सम्मको लागि २० लाख मेट्रिक टन बराबरको सुर्यमुखी र भटमासको कच्चा तेल आयातमा भन्सार नलाग्ने भारतले घोषणा गरेको छ ।